# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।
प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल-७, काठमाडौं
०१-४३७३५७७, ९७६१९८१५००, ९८४१५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष १२ | अंक ४८ | काठमाडौं | मंगलबार, २७ जेठ २०८२ | Prabhab National Daily | Tuesday, June 10 , 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


बजेटमाथि कांग्रेसनिकट अर्थविद्को नजर

## 'अपेक्षित प्रतिफल आउने किसिमको छैन'



बजेटको सन्दर्भमा धेरै साथीहरूले सकारात्मक कुरा गर्नुभएको छ, कांग्रेसको आर्थिक नीति कस्तो हुने र नेपालको आर्थिक विकास कसरी हुने भन्ने विषयमा छलफल जरुरी छ ।

**शेरबहादुर देउवा**
सभापति, नेपाली कांग्रेस



बजेट सबैले राम्रो भनिरहेको छ । यो बजेटमाथि एक-दुई जनाबाहेक कसैले आलोचना गरेका छैनन् । खास बजेटमा मेजर 'ब्रेक थ्रु' नै भएन । सबैले भनेको प्रतिफल आउने किसिमको भएन ।

**डा. जगदीशचन्द्र पोखरेल**
पूर्वउपाध्यक्ष, राष्ट्रिय योजना आयोग



आयोजना बेलामा बन्दैन । ठेकेदारलाई समयमा पैसा दिन सक्दैन । स्वास्थ्य बिमाको प्रतिबद्धता त्यतिकै बाँकी छ । ऋणको कुरा छ । यसले राज्यप्रतिको विश्वास घट्न सक्छ ।

**डा. पोषराज पाण्डे**
सदस्य, राष्ट्रिय योजना आयोग

**प्रभाव संवाददाता**

**काठमाडौं–** प्रमुख सत्ता साझेदार दल नेपाली कांग्रेसनिकट अर्थविद्हरुले सरकारले आगामी आर्थिक वर्ष २०८२/८३ का लागि प्रस्तुत गरेको बजेट प्रतिफलमुखी नभएको टिप्पणी गरेका छन् । कांग्रेसको आर्थिक नीति तथा योजना विभागले सोमबार ललितपुरको सानेपामा आयोजना गरेको कार्यक्रममा सहभागी अर्थविद्हरुले बजेटबारे यस्तो टिप्पणी गरेका हुन् ।

राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष डा. जगदीशचन्द्र पोखरेलले बजेटबारे सबैले राम्रो भनेकोमात्र सुनेको उल्लेख गर्दै यसलाई आलोचनात्मक रुपमा हेर्नुपर्ने बताए । 'बजेट सबैले राम्रो भनिरहेको छ । यो बजेटबारे एक-दुई जनाबाहेक कसैले आलोचना गरेका छैनन् । यसको अर्थ के हो ?,' पोखरेलले भने, 'यसमा मेजर ब्रेक थ्रु नै भएन । खर्च हुन्छ कि हुँदैन, ग्रोथ रियालिटी छ कि छैन भन्ने हिसाबबाट समीक्षा गर्नुपर्छ । सबैले भनेको प्रतिफल आउने किसिमको बजेट भएन ।'

कांग्रेस-एमालेको संयुक्त सरकारले यही जेठ १५ गते १९ खर्ब ६४ अर्ब रुपैयाँबराबरको बजेट ल्याएको छ । उक्त बजेटलाई पूर्वअर्थमन्त्री डा. प्रकाशशरण महतले सोही दिन 'ठीकठीकैको' भनेका थिए । त्यसैगरी अर्थविद्हरुले पनि सन्तुलित बजेट भएको बताएका थिए । कांग्रेसका प्रवक्तासमेत रहेका पूर्वअर्थमन्त्री डा. महत सोमबारको कार्यक्रममा उपस्थित थिएनन् । भिजिट भिसा प्रकरणमा गृहमन्त्री रमेश लेखकको राजीनामा माग्दै सदन अवरुद्ध भएकोले बजेटबारे सदनमा छलफल हुन सकेको छैन ।

यही अवसरमा कांग्रेसले सार्वजनिकरुपमा पहिलोपटक बजेटमाथि छलफल गरेको हो । एकीकृतरुपमा योजनाहरु बन्न नसक्दा बजेटले प्रतिफल दिन नसक्ने पोखरेलले बताए । कुनै सडक बनाउँदा त्यहाँ हुनसक्ने कृषि, पर्यटन र खानीका विकासबारे पनि परियोजनाले ध्यान दिनुपर्नेमा त्यो गर्न नसकिएको डा. पोखरेलका भनाइ थियो । 'मध्यपहाडी सडकमा विशेष १० सहरलाई फोकस गरेर बजेट छुट्याएको राम्रो हो । तर एकीकृत विकासमा नलागी सहरी विकासकोमात्र कुरा गरेर सडकमात्र बनाए त्यहाँ आर्थिक क्रियाकलाप आउँदैन,' पोखरेलले भने, 'त्यसपछि रोजगारी पनि सिर्जना हुँदैन । अनि प्रतिफल आउँदैन ।'

अर्का अर्थविद् प्रा.डा. रामप्रसाद ज्ञवालीले सरकारले सर्वसाधारणलाई आशा जगाउने किसिमको कार्यक्रम ल्याउन नसकेको बताए । यसले गर्दा युवाहरु गाउँबाट सहर झरेको र सहरबाट पनि लाखौं युवा विदेश जाने तयारीमा रहेको चित्रण गरे । कर्मचारीको तलब नबढ्दा निराशा अझ बढ्ने ज्ञवालीको दाबी रह्यो । 'यो बजेटको नीति हेर्दा अबको वर्ष राजस्व कम उठ्ने देखिन्छ । यसले गर्दा आउने वर्ष पनि कर्मचारीको तलब बढ्दैन,' उनले भने ।

कर्मचारीको तलब नबढ्नु भनेको तलब नदिनु बराबर नै भएको त्रिभुवन विश्वविद्यालयकी पूर्वडिन प्रा.डा. कुसुम शाक्यले बताइन् । 'तलब नबढ्दा कर्मचारीमा असन्तुष्टि बढ्छ । काम गर्नेलाई पैसा नदिएजस्तै हो तलब नबढ्नु,' शाक्यले भनिन् ।

क्रमशः पृष्ठ ३ मा

# रफ्तारमा अख्तियार

## ठूला भ्रष्टाचार काण्डमा धमाधम मुद्दा

- बैंक अध्यक्ष, मेयर, सांसद, पूर्वमन्त्री, पूर्वमुख्यमन्त्रीदेखि पूर्वप्रधानमन्त्रीसम्मलाई भ्रष्टाचार मुद्दा
- सुशासनको प्रश्न उठेको बेला अख्तियारले ठूला भ्रष्टाचारकाण्डान धमाधम मुद्दा
- सर्वोच्चले अख्तियार प्रमुख आयुक्तलगायतविरूद्ध दायर रिटको फैसला आज सुनाउँदै

**जेबी योञ्जन**

**काठमाडौं–** अख्तियार दुरुपयोग अनुसन्धान आयोगले ठूलाठूला भ्रष्टाचारकाण्डमा हात हालेको छ । देशमा सुशासनको प्रश्न उठिरहेका बेला अख्तियारले एकपछि अर्को ठूला भ्रष्टाचार प्रकरणको छानबिन गरेर विशेष अदालत पुर्‍याएको हो । अख्तियारको यस्तो सक्रियतालाई सकारात्मक रूपमा लिइएको छ ।

सोमबारमात्रै अख्तियारले ऋण लिने सेवाग्राहीसँग घुस मागेको आरोपमा नेपाल बैंक लिमिटेडका तत्कालीन अध्यक्ष डा. चन्द्रबहादुर अधिकारीविरुद्ध विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरेको छ । अधिकारीले १९ लाख रुपैयाँ घुस लिएको आरोप अख्तियारको आरोपपत्रमा उल्लेख छ । उनले उक्त घुस रकम भैरहवामा सञ्चालन हुन लागेको र्‍याडिसन प्रोजेक्टलाई ऋण दिने क्रममा लिएको अख्तियारले दाबी गरेको छ ।

आरोपपत्रमा उल्लिखित विवरणअनुसार भुसाल हस्पिटालिटीका अध्यक्ष बालकृष्ण भुसालले ऋणका लागि नेपाल बैंक लिमिटेडमा प्रक्रिया अघि बढाएका थिए । त्यसक्रममा नेपाल बैंकका अध्यक्ष अधिकारीले ह्वाट्सएपमार्फत कुराकानी र भेटघाट गरेर घुस मागेको अख्तियारको दाबी छ । त्यसपछि गत वर्षको माघमा अख्तियारले घरमा छापा मारेर उक्त रकम बरामद गरेको थियो । अख्तियारको दाबीमा त्यो रकमा अधिकारीले आफ्ना सवारी चालक नसिब अन्सारीमार्फत लुकाएका थिए । यस आधारमा अख्तियारले अधिकारी, नसिब अन्सारी र घुस दिने बालकृष्ण भुसाल, छोराहरू अंकित भुसाल र अमृत भुसालविरुद्ध पनि मुद्दा दायर गरेको छ ।

क्रमशः पृष्ठ ३ मा




### जेठ महिनामा अख्तियारले चलाएका ठूला मुद्दा

**जेठ १**
पूर्वमन्त्रीसमेत रहेका कांग्रेस सांसद मोहनबहादुर बस्नेतसहित १६ जनाविरूद्ध टेरामक्स खरिदमा भ्रष्टाचार गरेको आरोपमा मुद्दा दायर । तीन अर्ब २१ करोड ८३ लाख ७७ हजार रूपैयाँ बिगो दाबी ।

**जेठ ४**
मधेस प्रदेशका तत्कालीन अर्थमन्त्री विजयकुमार यादव, बागमती नगरपालिका सर्लाहीका निलम्बित नगरप्रमुख भरतकुमार थापासहित आठ जनाविरूद्ध भ्रष्टाचार मुद्दा दर्ता ।

**जेठ ८**
अध्यागमन कार्यालय त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलका प्रमुख तीर्थराज भट्टराईलाई नियन्त्रणमा लिई अनुसन्धान । भिजिट भिसामा सेटिङ गरेर विभिन्न मुलुकमा पठाउने कार्यमा संलग्न रहेको आरोप ।

**जेठ २०**
सुदूरपश्चिम प्रदेशका पूर्वमुख्यमन्त्री दीर्घबहादुर सोडारीविरूद्ध भ्रष्टाचार गरी गैरकानुनी सम्पत्ति आर्जन गरेको आरोपमा मुद्दा दायर । एक करोड आठ लाख ३८ हजार रूपैयाँ बिगो दाबी ।

**जेठ २२**
पूर्वप्रधानमन्त्री तथा नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालसहित ९३ जनाविरूद्ध भ्रष्टाचार मुद्दा दायर । काभ्रेको साँगामा रहेको पतञ्जलि योगपीठको जग्गा सट्टापट्टा प्रकरणमा भ्रष्टाचार गरेको आरोप । १८ करोड ५८ लाख ५० हजार रूपैयाँ बिगो मागदाबी ।

**जेठ २५**
नेपाल टेलिकमका तत्कालीन प्रबन्ध निर्देशक सुनिल पौडेल, वर्तमान प्रबन्ध निर्देशक संगीता पहाडीसहित १८ जनाविरूद्ध भ्रष्टाचार मुद्दा दायर । नेपाल टेलिकमको बिलिङ प्रणाली मर्मत गर्न ठेक्का प्रणाली लम्ब्याएर भ्रष्टाचार गरेको आरोप । ३३ करोड ४८ लाख रूपैयाँ बिगो दाबी ।

**जेठ २६**
नेपाल बैंक लिमिटेडका तत्कालीन अध्यक्ष डा. चन्द्रबहादुर अधिकारीविरूद्ध विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर । भैरहवामा सञ्चालन हुन लागेको र्‍याडिसन प्रोजेक्टलाई ऋण दिने क्रममा घुस लिएको आरोप ।

**सन्दर्भः वैदेशिक रोजगार**

अन्तर्राष्ट्रिय श्रम सम्मेलनमा श्रममन्त्रीको सम्बोधन-

## श्रमको मर्यादायुक्त एजेण्डाप्रति नेपालको प्रतिबद्धता प्रस्तुत




**प्रभाव संवाददाता**

**काठमाडौं–** श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारीले नेपाल श्रमको मर्यादायुक्त एजेण्डाप्रति पूर्णरूपमा प्रतिबद्ध रहेको बताएका छन् । मन्त्री भण्डारीले सोमबार स्वीट्जरल्याण्डको जेनेभामा आयोजित अन्तर्राष्ट्रिय श्रम सम्मेलन २०२५ को प्लेनरी सेसनलाई सम्बोधन गर्ने क्रममा नेपालले समावेशी आर्थिक वृद्धि, गरिबी न्यूनीकरण र सामाजिक सुरक्षामा पहुँच बिस्तारमा पछिल्लो केही वर्षदेखि उल्लेखनीय प्रगति गरेको बताए ।

मन्त्री भण्डारीले यी उपलब्धिहरू विविध प्राकृतिक प्रकोप, महामारीको दीर्घकालीन प्रभाव, संरचनागत श्रमबजारको समस्या र जलवायु परिवर्तनजन्य जोखिमजस्ता चुनौतीपूर्ण परिवेशकाबीच हासिल गरिएको बताए । 'हामी पूर्णरूपले सचेत छौं कि विकास केवल वृद्धिमात्र होइन, न्याय र समानताको साथमा हुनुपर्छ । त्यसैले हाम्रो दृष्टिकोण- अधिकारसहितको रोजगारी, समावेशी विकास र गरिमायुक्त समृद्धि,' मन्त्री भण्डारीले सम्बोधनका क्रममा भने ।

भण्डारीले रोजगार सिर्जनालाई विकासको मूल आधारका रूपमा स्थापना गरेको बताएका छन् । 'नेपालको सरकारले यस दशकलाई आन्तरिक रोजगारी प्रवर्द्धन दशक घोषणा गर्दै सार्वजनिक-निजी साझेदारी तथा विकास सहकार्यमार्फत रोजगारप्रधान क्षेत्रमा लगानी वृद्धि गरिरहेको छ,' उनले भने, 'यसलाई सहयोग पुर्‍याउन हामीले राष्ट्रिय व्यावसायिक तालिम प्रतिष्ठानलाई पुनर्संरचना गर्दै भविष्यउन्मुख सीप विकासको केन्द्र बनाएका छौं ।'

त्यस्तै डिजिटल, हरित र उद्यमशीलतामा आधारित सीपहरूमा मुलुकले विशेष ध्यान दिइएको उनको भनाइ थियो । सुरक्षित, मर्यादित र नैतिक श्रम सर्तसहित निजी क्षेत्र, नागरिक समाज र विकास साझेदारहरूको सहकार्यमा हामीले श्रमशक्तिलाई स्वदेश तथा वैदेशिक रोजगारीका लागि तयार गरिरहेको पनि उनले बताएका थिए । मन्त्री भण्डारीले नेपालले औपचारिक रोजगारी र योगदानमा आधारित सामाजिक सुरक्षा प्रणालीमा आधारित समग्र सुधार एजेण्डा अघि बढाइरहेको बताउँदै श्रम निरीक्षण, रोजगारी मिलान, सीप प्रोफाइलिङ, उद्यम दर्ता, र श्रम विवाद समाधानका लागि एकीकृत प्रणाली स्थापना गरिएको बताए ।

क्रमशः पृष्ठ ३ मा

## संस्था नवीकरण गर्न 'अपडेटेड गुगल म्याप' अनिवार्य

**काठमाडौं (प्रस)–** वैदेशिक रोजगारसम्बन्धी काम गर्न इजाजतपत्र प्राप्त संस्था नवीकरण गर्न 'गुगल प्लस कोड' सहितको 'अपडेटेड गुगल म्याप' पेस गर्नुपर्ने भएको छ । वैदेशिक रोजगार विभागले सोमबार एक सूचना जारी गरी नवीकरणका लागि प्लस कोडसहितको नक्सा आवश्यक पर्ने जनाएको हो । यसका साथै अब संस्थाले आफ्नो वेबसाइटमा ठेगाना खुल्ने लोकेसन राख्नुपर्ने भएको छ ।

विभागले सूचनामार्फत कानुनबमोजिम तोकिएको समयावधिभित्र इजाजतपत्र नवीकरण गर्न भनेको छ । समयमा नवीकरण नगराउनेलाई कानुनबमोजिम हुनेसमेत उल्लेख गरिएको छ । नवीकरणका लागि मौजुदा सबै सञ्चालक एवं कार्यरत कर्मचारीहरुको विवरणसमेत पेस गर्न भनिएको छ ।

विभागले वैदेशिक रोजगार ऐन २०६४, वैदेशिक रोजगार नियमावली २०६४, सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ एवं प्रचलित कानुनबमोजिम सम्बन्धित निकायमा दर्ता भई वार्षिकरुपमा नवीकरण गर्नुपर्ने वैदेशिक रोजगारसम्बन्धी काम गर्ने संस्थाहरुलाई प्रक्रिया पूरा गर्न भनेको हो । यस्ता संस्थाहरुमा इजाजतपत्र प्राप्त संस्थाहरु (म्यानपावर), स्वीकृति प्राप्त शाखा कार्यालयहरु, अभिमुखीकरण तालिम प्रदान गर्ने संस्थाहरु, केयर गिभरसम्बन्धी सीप विकास तालिम प्रदायक संस्थाहरु, घरेलु कामदारसम्बन्धी सीप विकास तालिम प्रदायक संस्थाहरु, वैदेशिक रोजगारमा जाने कामदारलाई सीपमूलक तालिम प्रदान गर्ने संस्थाहरु एवं खास देश पठाउनका लागि सूचीकृत भएका संस्थाहरु रहेका छन् ।

## इन्टरनेसनल म्यानपावर रिक्रुटमेन्टलाई 'आइरिस प्रमाणीकरण'

### आइओएमबाट आइरिस प्रमाणीकरण प्राप्त गर्ने नेपालको पहिलो र अन्तर्राष्ट्रियस्तरमा दोस्रो संस्था बन्न सफल भएको कम्पनीको भनाइ

**प्रभाव संवाददाता**

**काठमाडौं–** इन्टरनेसनल म्यानपावर रिक्रुटमेन्ट प्रालि इन्टरनेसनल इन्टिग्रिटी सिस्टम (आइरिस) अन्तर्गत प्रमाणीकरण भएको छ । उक्त म्यानपावरले सोमबार पत्रकार सम्मेलन गरी 'आइरिस सर्टिफिकेसन' प्राप्त गरेको जानकारी गराएको हो ।

आइरिस अन्तर्राष्ट्रिय आप्रवासन संगठन (आइओएम)को आप्रवासी कामदारहरुको न्यायोचित र नैतिक भर्ना गर्ने प्रमुख कार्यक्रम हो । आइओएमले न्यायोचित भर्ना गर्ने म्यानपावरलाई यो प्रमाणीकरण प्रदान गर्छ । इन्टरनेसनल म्यानपावर यो प्रमाणीकरण प्राप्त गर्ने नेपालको पहिलो संस्था भएको र अन्तर्राष्ट्रियस्तरमा दोस्रो संस्था बन्न सफल भएको पत्रकार सम्मेलनमा जानकारी दिइयो ।

इन्टरनेसनल म्यानपावरका सञ्चालक वाइबी राईले आइओएमले मे २५ तारिखमा उक्त मान्यता दिएको बताए । सन् २००४ मा स्थापना भएको यस संस्थाले सन् २०१६ सम्म परम्परागतरुपमा रोजगारीमा पठाउँदै आए पनि त्यसपछि न्यायोचित र नैतिक भर्नासम्बन्धी अभ्यास आरम्भ गरेको राईले बताए । 'इथिकल रिक्रुटमेन्टको बारेमा थाहा पाएपछि हाम्रो परिवेशमा यसको अभ्यास कत्तिको सम्भव छ भनेर अध्ययन गर्न थाल्यौं,' राईले भने । सन् २०१८ बाट भने पूर्णरुपमा श्रम आप्रवासनका क्रममा हुने खर्च रोजगारदाताले व्यहोर्नुपर्ने सिद्धान्तमा आधारित स्वच्छ भर्ना प्रक्रिया अपनाउँदै आएको उनले बताए । 'हामीले पैसा तिर्नुपर्ने मागपत्रहरु किनेनौं । त्यसबेला रोजगारीमा जान लाखौं तिर्नुपर्ने परिवेशमा यो निकै चुनौतीपूर्ण थियो,' उनले भने ।




श्रमिकको खर्च रोजगारदाताले व्यहोर्ने न्यायोचित प्रणालीमा आधारित भएर यस संस्थाले १८ हजारभन्दा बढी नेपाली श्रमिकलाई वैदेशिक रोजगारीमा पठाएको जनाएको छ । यो अभ्यासले मुलुकका १० औं हजार युवालाई पारदर्शीरुपमा वैदेशिक रोजगारीमा पठाउनुका साथै उनीहरूमाथि पर्ने आर्थिक भारबाट पनि मुक्त गरेको जनाइएको छ । रोजगारीमा पठाउन बिचौलिया अग्रसर हुने हुँदा संस्थाको टोली गाउँगाउँमा गएर मागपत्रको बारेमा सूचना दिने र श्रमिकहरुलाई यहाँसम्म ल्याएर सबै प्रक्रियामा उनीहरुलाई सहयोग गर्ने गरेको सञ्चालक राईले बताए ।

क्रमशः पृष्ठ ३ मा

# धितोमा रहेको सम्पत्ति शिलबन्दी बोलपत्र आव्हानद्वारा बिक्री गरिने बारे प्रथम पटकको सार्वजनिक सूचना

(सूचना प्रकाशित मितिः **२०८२/०२/२७**)

यस बैंकका देहायका शाखा कार्यालयहरुबाट निम्न बमोजिम कर्जा तथा सुविधा लिने ग्राहकहरुले म्याद भित्र कर्जा चुक्ता नगरी लिखित तथा मौखिक तर ताकेता र पत्रपत्रिकाद्वारा सार्वजनिक सूचना गर्दा समेत कर्जा चुक्ता नभएकाले यो सूचना प्रकाशित गरिएको छ। तसर्थ यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र बैंकमा आई आफुले उपभोग गरेको साँवा तथा कर्जा चुक्ता गर्ने अघिल्लो दिनसम्मको ब्याज र अन्य लेना रकम समेत चुक्ता गरी धितो सम्पत्ति फुकुवा गराई लिनुहुन सम्बन्धित ग्राहक र धितो मन्जुरी दिनुहुने महानुभावहरुलाई समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ। साथै, यस सूचना बमोजिम लिलाम बिक्री हुन नसकेमा धितो सम्पत्ति बैंकको अनुकूल समयमा बैंक आफैले सकार गर्न सक्ने ब्यहोरा समेत जानकारी गराईएको छ।

यो सूचना बमोजिम ३५(पैंतीस) दिन भित्र चुक्ता नभएमा तपसीलमा उल्लेखित चल अचल सम्पत्ति जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा प्रचलित कानूनको अधीनमा रही गोप्य शिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन ईच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचना प्रकाशित भएको ३५ औं दिन वा सो भन्दा अगाडि नै शाखा कार्यालय सिन्धुलीमा कार्यालय समयभित्र आईपुग्ने गरी निम्न शर्तहरुको अधिनमा रही शिलबन्दी बोलपत्र पेश गर्नुहुन आब्हान गरिन्छ। यस सूचनामा तोकिएको दिन वा सो दिन सार्वजनिक बिदा परेको भएमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिनमा बोलपत्र फारममा उल्लेखित शर्तहरुको अधिनमा रही रीतपूर्वक दर्ता हुन आएका बोलपत्र फारमहरु दिनको १२ बजे खोलिने हुँदा बोलपत्रदाता वा आधिकारीक प्रतिनिधि उपस्थित हुन समेत जानकारी गराईन्छ। तर बोलपत्रदाताका अनुपस्थितले बोलपत्र खोल्न बाधा पुग्ने छैन। साथै, कर्जा ग्राहक, धितो सुरक्षण मन्जुरी दिने, जमानत दिनुहुने व्यक्ति/संस्था र सम्बन्धित पक्षलाई यसै सूचनाको आधारमा कर्जा सूचना केन्द्रको कालोसूचीमा राखिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ।

**तपसील**

टेण्डर पेश गर्ने अन्तिम मितिः २०८२ साल असार महिना ३० गते।
धितो लिलाम बिक्री हुने मितिः २०८२ साल असार महिना ३१ गते।
सम्बन्धित कार्यालय तथा धितो लिलाम हुने कार्यालय/स्थानः कृषि विकास बैक लि. शाखा कार्यालय सिन्धुली

**ग्राहकको विवरण**

**१) ग्राहकको नामः.आर.के कृषि फर्म**, दर्ता भएको कार्यालयः घरेलु तथा साना उद्योग विकास समिति, सिन्धुली
फर्मको दर्ता नः २७३६/ ०७३/०७४, दर्ता मितिः २०७३/११/२३, पान नं.: ६०५८६५५४७

लिलाम हुने अचल सम्पत्तिको विवरण

| कर्जा शिर्षक | जग्गाधनीको नाम | जिल्ला | न.पा./गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल(विगाहा) |
|---|---|---|---|---|---|---|
| व्यवसायिक कृषि | कालु तामाङ्ग | सिन्धुली | बालाजोर | ०४घ | ६८ | ०-४-१८-२ |

प्रोप्राईटरको विवरण

| नाम | ठेगाना | ना.प्र.नं. | नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय | बाबु | बाजे |
|---|---|---|---|---|---|
| कर्ण बहादुर तामाङ | जरायोटार-०५ | २६०/ ११७३० | सिन्धुली/२०५५/११/१६/जिल्ला प्रशासन कार्यालय | कालु तामाङ्ग | आईत सिं |

व्यक्तिगत तथा धितो जमानीकर्ताको विवरण

| नाम | ठेगाना | ना.प्र.नं. | नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय | बाबु | बाजे |
|---|---|---|---|---|---|
| कालु तामाङ्ग | बालाजोर-०४ | ६६७५/३०९६ | सिन्धुली/२०४५/१/२१/जिल्ला प्रशासन कार्यालय | अैत सिं | हस्त सिं |

**२) ग्राहकको नामः अमृत बाखा पालन फर्म,** दर्ता भएको कार्यालयः घरेलु तथा साना उद्योग कार्यालय सिन्धुली,
फर्मको दर्ता नं : ४८०८/०७७/०७८, दर्ता मितिः २०७७/४/१३, पान नंः ६१३४१६३६०

लिलाम हुने अचल सम्पत्तिको विवरण

| कर्जा शिर्षक | जग्गाधनीको नाम | जिल्ला | न.पा./गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल(विगाहा) |
|---|---|---|---|---|---|---|
| पशुपालन व्यवसाय | सुव लाल तामाङ्ग | सिन्धुली | सिद्धेश्वर | ०७ छ | ४६० | ०-१०-०-० |

प्रोप्राईटरको विवरण

| नाम | ठेगाना | ना.प्र.नं. | नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय | बाबु | बाजे |
|---|---|---|---|---|---|
| सुव लाल तामाङ्ग | सिद्धेश्वर-०७ | ८३६७ | सिन्धुली/२०४८/६/१६/ जिल्ला प्रशासन कार्यालय | लाल बहादुर तामाङ्ग | जफत सिं |

व्यक्तिगत तथा धितो जमानीकर्ताको विवरण

| नाम | ठेगाना | ना.प्र.नं. | नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय | पति/बाबु | ससुरा |
|---|---|---|---|---|---|
| दुदि माया तामाङ | कमलामाई-१३ | ४८०४४ | सिन्धुली/२०६२/१२/२०/ जिल्ला प्रशासन कार्यालय | सुव लाल तामाङ्ग/ बिर बहादुर मुक्तान | लाल बहादुर तामाङ्ग |

**३) ग्राहकको नामः.दिल कुमारी बाखा फर्म**, दर्ता भएको कार्यालयः घरेलु तथा साना उद्योग विकास समिति सिन्धुली,
फर्मको दर्ता नः ३७१५/ ०७५/०७६, दर्ता मितिः २०७५/१२/२२, पान नः ६०९४९२२१९

लिलाम हुने अचल सम्पत्तिको विवरण

| कर्जा शिर्षक | जग्गाधनीको नाम | जिल्ला | न.पा./गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल(विगाहा) |
|---|---|---|---|---|---|---|
| व्यवसायिक कृषि | दिल कुमारी काफ्ले | सिन्धुली | बालाजोर | ०२।छ | ७२,१६७ | ०-२-१९-०,०-२-०-० |
| व्यवसायिक कृषि | भरत बहादुर कार्की | सिन्धुली | बालाजोर | ०२।छ | ३१३,३१७ | ०-१०-०-०,०-४-०-० |

प्रोप्राईटरको विवरण

| नाम | ठेगाना | ना.प्र.नं. | नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय | पति/बाबु | ससुरा |
|---|---|---|---|---|---|
| दिल कुमारी काफ्ले | बालाजोर -०६ | ८४४०/ ३६३७ | सिन्धुली २०४३/१०/०६ जिल्ला प्रशासन कार्यालय | भरत बहादुर कार्की/ रंग नाथ काफ्ले | लोक बहादुर कार्की |

व्यक्तिगत तथा धितो जमानीकर्ताको विवरण

| नाम | ठेगाना | ना.प्र.नं. | नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय | बाबु | बाजे |
|---|---|---|---|---|---|
| भरत बहादुर कार्की | बालाजोर-०३ | १९५/६७१३ | सिन्धुली २०५४/१/२४ जिल्ला प्रशासन कार्यालय | लोक बहादुर कार्की | तेज बहादुर कार्की |
| दिपेश कार्की | बालाजोर-०३ | २०१०३९/१६२ | सिन्धुली २०६८/०३/२३ जिल्ला प्रशासन कार्यालय | भरत बहादुर कार्की | लोक बहादुर कार्की |
| नितेश कार्की | बालाजोर-०३ | २०/०१/७०/ ०२८३१ | सिन्धुली २०७०/०८/१८ जिल्ला प्रशासन कार्यालय | भरत बहादुर कार्की | लोक बहादुर कार्की |

**४) ग्राहकको नामः.राना बाखा पालन फर्म**, दर्ता भएको कार्यालयः घरेलु तथा साना उद्योग विकास समिति, सिन्धुली फर्मको दर्ता नः ४७७६/ ०७६/०७७, दर्ता मितिः २०७६/१२/०५, पान नं :६१३२४३८४३

लिलाम हुने अचल सम्पत्तिको विवरण

| कर्जा शिर्षक | जग्गाधनीको नाम | जिल्ला | न.पा./गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल(विगाहा) |
|---|---|---|---|---|---|---|
| सरल कृषि | भक्त बहादुर राना | सिन्धुली | बालाजोर | ०६।ख | ७, १०३ | ०-१२-९-०, ०-५-०-० |

प्रोप्राईटरको विवरण

| नाम | ठेगाना | ना.प्र.नं. | नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय | पति/बाबु | ससुरा |
|---|---|---|---|---|---|
| तेज कुमारी राना | जरायोटार-०६ | २०३०३८/३७५ | सिन्धुली २०६३/११/९ जिल्ला प्रशासन कार्यालय | बल बहादुर राना/ डिल बहादुर थामा | भक्त बहादुर राना |

व्यक्तिगत तथा धितो जमानीकर्ताको विवरण

| नाम | ठेगाना | ना.प्र.नं. | नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय | बाबु | बाजे |
|---|---|---|---|---|---|
| भक्त बहादुर राना | बालाजोर-०६ | १३०७ | सिन्धुली/२०४०/०१/२१/जिल्ला प्रशासन कार्यालय | रनकेशर राना | परवल राना |
| बल बहादुर राना | बालाजोर-०८ | ९६३४ | सिन्धुली/२०६५/०३/०५/जिल्ला प्रशासन कार्यालय | भक्त बहादुर राना | रनकेशर राना |

**५) ग्राहकको नामः किरण कृषि तथा पशुपंक्षी फर्म**, दर्ता भएको कार्यालयः घरेलु तथा साना उद्योग विकास समिति सिन्धुली,
फर्मको दर्ता नः ४९९२/०७७/७८, दर्ता मितिः २०७७/०६/१८, पान नः १०००२२४६५

लिलाम हुने अचल सम्पत्तिको विवरण

| कर्जा शिर्षक | जग्गाधनीको नाम | जिल्ला | न.पा./गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल (रोपनी) |
|---|---|---|---|---|---|---|
| व्यवसायिक कृषि | धन बहादुर स्याङतान र बुद्धमान स्याङतान | सिन्धुली | सिद्धेश्वर | ०९क | २३७०, २२८३ | ०-०-१-०, ०-०-६-० |
| व्यवसायिक कृषि | धन बहादुर स्याङतान | सिन्धुली | रानीचुरी | ०३क | २१०, २०५, २०८, २०६ | ०-३-१७-२,०-३-०-०, ०-३-१२-०,०-३-०-० |

प्रोप्राईटरको विवरण

| नाम | ठेगाना | ना.प्र.नं. | नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय | बाबु | बाजे |
|---|---|---|---|---|---|
| धन बहादुर स्याङतान | रानीचुरी-०३ | ९/४१२६ | सिन्धुली/२०५३/१/१२/जिल्ला प्रशासन कार्यालय | कान्छा राम स्याङतान | खड्ग बहादुर |

व्यक्तिगत तथा धितो जमानीकर्ताको विवरण

| नाम | ठेगाना | ना.प्र.नं. | नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय | पति/बाबु | ससुरा/बाजे |
|---|---|---|---|---|---|
| सुनिता स्याङतान | कमलामाई-११ | २०/०१/७५/ ००२९८ | सिन्धुली/२०७५/०१/१०/ जिल्ला प्रशासन कार्यालय | धन बहादुर स्याङतान/ जित बहादुर गोले | कान्छा राम स्याङतान |
| बुद्धमान स्याङतान | कमलामाई-११ | २०३०५२/२८ | सिन्धुली/२०६३/१०/१६/ जिल्ला प्रशासन कार्यालय | कान्छा राम स्याङतान | खड्ग बहादुर |

**६) ग्राहकको नामः लनाम कृषि तथा पशु फर्म**, दर्ता भएको कार्यालयः घरेलु तथा साना उद्योग कार्यालय सिन्धुली,
फर्मको दर्ता नः ४९२१/ ०७७/७८, दर्ता मितिः २०७७/०६/०८, पान नः ६१३७५११३१

लिलाम हुने अचल सम्पत्तिको विवरण

| कर्जा शिर्षक | जग्गाधनीको नाम | जिल्ला | न.पा./गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल(रोपनी) |
|---|---|---|---|---|---|---|
| व्यवसायिक कृषि | भिमान सिं घलान | सिन्धुली | अमले | ०८क | ३१ | ०-१९-१९-२ |

प्रोप्राईटरको विवरण

| नाम | ठेगाना | ना.प्र.नं. | नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय | बाबु | बाजे |
|---|---|---|---|---|---|
| भिमान सिं घलान | घ्याङलेख-०१ | ३९२०६ | सिन्धुली/२०६१/०९/०६/जिल्ला प्रशासन कार्यालय | दिल बहादुर घलान | भुवन सिं |

व्यक्तिगत तथा धितो जमानीकर्ताको विवरण

| नाम | ठेगाना | ना.प्र.नं. | नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय | पति/बाबु | ससुरा |
|---|---|---|---|---|---|
| ईन्द्र माया घलान | भ्फाँगाभ्फोली रातामाटा- ०६ | २०/०१/६९/ ०२६४२ | सिन्धुली/२०६९/०९/२३/जिल्ला प्रशासन कार्यालय | भिमान सिं घलान/ भिम वहादुर थिङ | दिल बहादुर घलान |

**७) ग्राहकको नामः अकाश पोल्ट्री फर्म**, दर्ता भएको कार्यालयः घरेलु तथा साना उद्योग विकास समिति सिन्धुली,
फर्मको दर्ता नं : ३८५९/०७५/०७६, दर्ता मितिः २०७६/०३/०१, पान नं. ६१०८०७६०४

लिलाम हुने अचल सम्पत्तिको विवरण

| कर्जा शिर्षक | जग्गाधनीको नाम | जिल्ला | न.पा./गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल(रोपनी) |
|---|---|---|---|---|---|---|
| व्य.कुखुरा पालन | हिरालाल श्रेष्ठ | सिन्धुली | रानीचुरी | ०७ङ | १३२, १२४ | ०-०-१०-०, ०-२-९-२ |

प्रोप्राईटरको विवरण

| नाम | ठेगाना | ना.प्र.नं. | नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय | बाबु | बाजे |
|---|---|---|---|---|---|
| हिरालाल श्रेष्ठ | रानीचुरी-०७ | ७०४/५०३७ | सिन्धुली/२०५३/०६/२३/जिल्ला प्रशासन कार्यालय | लाल बहादुर श्रेष्ठ | तुलसि राम श्रेष्ठ |

व्यक्तिगत तथा धितो जमानीकर्ताको विवरण

| नाम | ठेगाना | ना.प्र.नं. | नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय | पति/बाबु | ससुरा |
|---|---|---|---|---|---|
| चन्द्र कुमारी श्रेष्ठ | बालाजोर-०३ | ३४९१८ | सिन्धुली/२०६०/११/४/जिल्ला प्रशासन कार्यालय | हिरालाल श्रेष्ठ/ रामजी श्रेष्ठ | लाल बहादुर श्रेष्ठ |

**८) ग्राहकको नामः मयुर बंगुर फार्म**, दर्ता भएको कार्यालयः गोलन्जोर गाँउपालिका गाँउ कार्यपालिकाको कार्यालय ग्वलटार सिन्धुली,
फर्मको दर्ता नं. ६२०, दर्ता मितिः २०७७/०५/२५, पान नं. ६१३६३२४९२

लिलाम हुने अचल सम्पत्तिको विवरण

| कर्जा शिर्षक | जग्गाधनीको नाम | जिल्ला | न.पा./गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल(रोपनी) |
|---|---|---|---|---|---|---|
| पशु पालन | राम कृष्ण दमाई | सिन्धुली | डुडभन्ज्याङ | ०६छ | ८०, २०२ | १४-२-१-३, २-०-०-० |

प्रोप्राईटरको विवरण

| नाम | ठेगाना | ना.प्र.नं. | नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय | बाबु | बाजे |
|---|---|---|---|---|---|
| राम कृष्ण दमाई | डुडभन्ज्याङ-०६ | १५१/२२०५४ | सिन्धुली/२०५८/१०/१७/ जिल्ला प्रशासन कार्यालय | अविरे दमाई | फसे दमाई |

व्यक्तिगत तथा धितो जमानीकर्ताको विवरण

| नाम | ठेगाना | ना.प्र.नं. | नागरिकता जारी भएको जिल्ला/मिति /कार्यालय | पति/बाबु | ससुरा |
|---|---|---|---|---|---|
| धन माया दमाई | डुडभन्ज्याङ-०१ | २०/३/००९ /२६४ | सिन्धुली २०६३/१०/०६ जिल्ला प्रशासन कार्यालय | राम कृष्ण दमाई/ भिमदल दमाई | अविरे दमाई |

**९) ग्राहकको नामःकुमारी कृषि तथा बाखा फार्म,** दर्ता भएको कार्यालयः गोलन्जोर गाँउपालिका गाँउ कार्यपालिकाको कार्यालय ग्वलटार सिन्धुली, फर्मको दर्ता नं. ६१९, दर्ता मितिः २०७७/०५/२५, पान नं. ६१३६३२५०८

लिलाम हुने अचल सम्पत्तिको विवरण

| कर्जा शिर्षक | जग्गाधनीको नाम | जिल्ला | न.पा./गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल(रोपनी) |
|---|---|---|---|---|---|---|
| पशु पालन | होम राज नेपाली | सिन्धुली | डुडभन्ज्याङ | ०१ग | घण | ९/१०/१/० |

प्रोप्राईटरको विवरण

| नाम | ठेगाना | ना.प्र.नं. | नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय | बाबु | बाजे |
|---|---|---|---|---|---|
| होम राज नेपाली | गोलन्जोर-०१ | २०/०१/७५/ ०२१६५ | सिन्धुली/२०७५/०३/१०/जिल्ला प्रशासन कार्यालय | एके दमाई | भिमदल दमाई |

व्यक्तिगत तथा धितो जमानीकर्ताको विवरण

| नाम | ठेगाना | ना.प्र.नं. | नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय | पति/बाबु | ससुरा |
|---|---|---|---|---|---|
| कुमारी नेपाली | गोलन्जोर-०१ | २०/०१/७६ /०६९५२ | सिन्धुली/२०७६/०९/१७/ जिल्ला प्रशासन कार्यालय | होम राज नेपाली/ भुले दमाई | एके दमाई |

बाँकी पृष्ठ ३ मा

पृष्ठ १ बाट क्रमशः

## रफ्तारमा...

अधिकारीविरुद्ध थप दुईवटा मुद्दा दायर भइसकेको छ । हिमाल-तराई कन्स्ट्रक्सन प्रालिलाई ऋण दिँदा पाँच लाख रुपैयाँ घुस लिएको अख्तियारको आरोप छ। यससँगै हिमाल-तराई कन्स्ट्रक्सनलाई ऋण दिँदा ५० लाख रुपैयाँ घुस खाएको आरोप छ ।

आइतबारमात्रै अख्तियारले नेपाल टेलिकमका तत्कालीन प्रबन्ध निर्देशक सुनिल पौडेल, वर्तमान प्रबन्ध निर्देशक संगीता पहाडीसहित १८ जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको थियो । विशेष अदालतमा दायर मुद्दामा ३३ करोड ४८ लाख बढी बिगो दाबी माग गरिएको छ । नेपाल टेलिकमको बिलिङ प्रणाली मर्मत गर्न ठेक्का प्रणाली लम्ब्याएर उनीहरूले भ्रष्टाचार गरेको आरोप अख्तियारको छ ।

नेपाल टेलिकमबाट प्रतिस्पर्धाविना करिब तीन अर्ब १५ करोड रुपैयाँको ठेक्का सम्झौतामा कैफियत देखिएपछि अख्तियारले विस्तृत अनुसन्धान गरेको थियो । २०७९ पुसमा भएको ठेक्का सम्झौताअनुसार चिनियाँ कम्पनी एसिया इन्फो नामक कम्पनीले वार्षिक करिब ६५ करोड रुपियाँका दरले पाँच वर्षमा तीन अर्ब रुपैयाँभन्दा बढी भुक्तानी पाउने स्थिति बनेको थियो ।

यसअघि यही २२ जेठमा पूर्वप्रधानमन्त्री तथा नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालविरुद्ध काभ्रेको साँगामा रहेको पतञ्जलि योगपीठको जग्गा सट्टापट्टा प्रकरणमा भ्रष्टाचार मुद्दा दायर गऱ्यो । नेपालसँगै पूर्वमन्त्री प्रेमबहादुर सिंह, पूर्वमन्त्री डम्बर श्रेष्ठका छोरालगायत ९३ जनालाई अख्तियारले भ्रष्टाचार मुद्दामा प्रतिवादी बनायो । उनीविरुद्ध भ्रष्टाचार मुद्दामा १८ करोड ५८ लाख ५० हजार रुपैयाँ बिगो मागदाबी गरिएको छ ।

भ्रष्टाचार मुद्दा दायर भएसँगै नेपालको प्रतिनिधिसभा सदस्य पद स्वतः निलम्बनमा परेको छ । उनी प्रधानमन्त्री हुँदा पतञ्जलि योगपीठले काभ्रेको साँगामा जडीबुटी खेती र आयुर्वेद अस्पताल निर्माणका लागि हदबन्दी छुटमा जग्गा खरिद गरेको थियो । मन्त्रिपरिषद्बाट हदबन्दी छुटमा पाएको जग्गा मन्त्रिपरिषद्कै निर्णयबाट बिक्री भएको पाइएपछि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले छानबिन सुरु गरेको थियो । सोही प्रकरणमा बिहीबार पूर्वप्रधानमन्त्री नेपालसहित ९३ जनालाई प्रतिवादी बनाएर अख्तियारले विशेष अदालतमा भ्रष्टाचारको मुद्दा दायर गरेको हो ।

पतञ्जलिले जडीबुटी खेती र आयुर्वेद अस्पताल निर्माणका लागि हदबन्दी छुटमा जग्गा खरिद गरेको थियो । खरिद गरेकामध्ये केही जग्गा बिक्री गरेको फेला परेको छ । सोही आधारमा नेपालविरुद्ध पनि अख्तियारले भ्रष्टाचार मुद्दा दायर गरेको हो ।

यही २० जेठमा अख्तियारले सुदूरपश्चिम प्रदेशका पूर्वमुख्यमन्त्री दीर्घबहादुर सोडारीविरुद्ध भ्रष्टाचार आरोपमा मुद्दा दायर गरेको थियो । सोडारीविरुद्ध एक करोड आठ लाख ३८ हजार रुपैयाँ बिगो कायम गरी मुद्दा दायर गरेको हो । अख्तियारले सोडारीकी पत्नी गीता र छोरा बबी सोडारीलाई पनि गैरकानुनी सम्पत्ति जफत प्रयोजनका लागि प्रतिवादी बनाएको छ ।

भ्रष्टाचार मुद्दा दायरसँगै सोडारी निलम्बनमा परेका छन् । पूर्वमुख्यमन्त्री सोडारी एकीकृत समाजवादीका नेता तथा २०७९ को प्रदेशसभामा कैलाली-४ (१) बाट निर्वाचित सांसद हुन् । अख्तियारले ७ माघ २०७४ देखि १० फागुन २०७९ को अवधिमा सोडारीका नाममा रहेको चलअचल सम्पत्तिमा अनुसन्धान गरेको थियो ।

यो अवधिमा सोडारी तथा परिवारका नाममा एक करोड ९३ लाख ८९ हजार रुपैयाँ बराबरको सम्पत्ति भेटिएकामा ८५ लाख ५१ हजार रुपैयाँ मात्रै वैध आय पुष्टि भएको तर एक करोड आठ लाख ३८ हजार रुपैयाँको स्रोत नखुलेको रकमलाई नै बिगो कायम गरी मुद्दा दायर गरिएको अख्तियारले जनाएको छ ।

यही ४ जेठमा अख्तियारले मधेस प्रदेशका तत्कालीन अर्थमन्त्री विजयकुमार यादव, बागमती नगरपालिका सर्लाहीका निलम्बित नगरप्रमुख भरतकुमार थापाविरुद्ध फेरि अर्को भ्रष्टाचार मुद्दा दर्ता गऱ्यो । ३० करोड रुपैयाँ गैरकानुनी अनुदान दिने र लिनेविरुद्ध अख्तियारले उनीहरूसहित आठ जनामाथि भ्रष्टाचार मुद्दा दायर गरेको हो । मुद्दामा बागमती नगरपालिकाकी निलम्बित उपप्रमुख लीलाकुमारी मोक्तान, तत्कालीन प्रमुख प्रशासकीय अधिकृत विमलकुमार पोखरेल, मधेस प्रदेश अर्थ मन्त्रालयका तत्कालीन कानुन अधिकृत गोकुल भुजेलसमेत छन् ।

यही १ जेठमा पूर्वमन्त्रीसमेत रहेका कांग्रेस सांसद मोहनबहादुर बस्नेतसहित १६ जनाविरुद्ध अख्तियारले भ्रष्टाचार मुद्दा विशेष अदालतमा दायर गरेको थियो । तीन अर्ब बढी सार्वजनिक सम्पत्तिमा हानि नोक्सानी गरी भ्रष्टाचार गरेको उनीलगायतविरुद्ध आरोप छ ।

दायर मुद्दामा तीन अर्ब २१ करोड ८३ लाख ७७ हजार रुपैयाँ बिगो दाबी गरिएको छ। नेपाल दूरसञ्चार प्राधिकरणले टेलिकम्युनिकेसन ट्राफिक मनिटरिङ एण्ड फ्रड कन्ट्रोल सिस्टम (टेरामक्स) खरिद प्रक्रियामा उनीहरूले भ्रष्टाचार गरेको भन्दै अख्तियारले मुद्दा दायर गरेको हो। उक्त मुद्दामा १५ जना नेपाली र एक विदेशी नागरिकसहित दुई कम्पनी गरी १८ प्रतिवादी बनाइएको छ। अख्तियारका पूर्वप्रमुख आयुक्त सूर्यनाथ उपाध्याय अख्तियारको पछिल्लो सक्रियता सकारात्मक रहेको बताउँछन्। 'अख्तियारले अहिले जे गरिरहेको छ, जसरी एक्सनमा गएको छ। यसले परिणाम दिन्छ। यो ठीक हो,' उनले प्रभावसँग भने ।

उसो त संवैधानिक अंगहरूमा ओली प्रधानमन्त्री भएका बेला ३० मंसिर २०७७ मा नियुक्त भएका ५२ जनाको नियुक्ति बदर माग गर्दै दायर रिटको फैसला आउन लागेको छ । यस्तोमा प्रेमकुमार राई प्रमुख आयुक्त रहेको अख्तियारले एकपछि अर्को ठूला भ्रष्टाचार मुद्दालाई न्यायिक परीक्षणका लागि विशेष अदालतमा पुऱ्याइरहेको छ । उक्त रिटको सम्बन्धमा सर्वोच्चले आज निर्णय सुनाउँदै छ ।

■■■

## अपेक्षित...

नेपालमा विकासको परिभाषा नबदलेसम्म बजेटले केही धान्न नसक्ने पोखरा विश्वविद्यालयका रजिस्ट्रार प्रा.डा. ओम शर्माले बताए । लामा पुल, रेलवेजस्ता विषयमा नेपालले लगानी गर्न नसक्ने उल्लेख गर्दै शर्माले कृषिमा लगानी बढाउन सुझाव दिए। 'हामीले अब ठूलो कल्पना गरेर हुँदैन । अब कृषिमै भरपर्ने खालका परियोजना अगाडि बढाउनुपर्छ,' शर्माले भने, 'हामीले ब्राण्डिङ गर्न सकेका छैनौं । बाहिरको पुल, सडक देखाएर विकास भन्नु हुन्न। सानोसानो चिजमा विकास गर्ने हो ।'

राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष डा. पृथ्वीराज लिगलले यसपटकको बजेट केहीमात्रमा ठूलो भएको बताए । 'पोलिटिकल प्रेसरले गर्दा ओभरसाइज भयो । १७ खर्बको रेसियोमा आउनुपर्ने हो,' लिगलले भने । यसपटकको बजेट धेरैले निजी क्षेत्रमैत्री भनेर प्रचार गरेको उल्लेख गर्दै उनले यसरी प्रचार गर्नु बेकार भएको तर्क गरे । तरलताका कारण पैसा थुप्रिएको अवस्थामा राष्ट्र बैंकले ठीकसँग पैसा चलाउन नसकिरहेको लिगलको भनाइ थियो ।

राष्ट्रिय योजना आयोगका सदस्य डा. पोषराज पाण्डेले निर्माण क्षेत्रलाई बेलामा बक्यौता तिर्न नसक्दा निराशा बढ्न थालेको बताए। पछिल्लो समय सरकाले ठेकेदारको पैसा तिर्न सकेको छैन । त्यसैगरी बिमा रकम पनि भुक्तानी गर्न सकेको छैन । यसले गर्दा जनतामा निराशा बढ्न थालेको उनको भनाइ थियो । 'प्रोजेक्ट बेलामा बन्दैन । ठेकेदारलाई समयमा पैसा दिन सक्दैन । हेल्थ इन्स्योरेन्सको कमिटमेन्ट त्यतिकै बाँकी छ । ऋणको कुरा छ । यसले राज्यप्रतिको विश्वास घटाउन सक्छ,' डा. पाण्डेले भने ।

कांग्रेस सभापति शेरबहादुर देउवाले देशको भूगोलको ध्यानमा राखेर विकासको योजना अघि बढाउनुपर्ने बताए । उनले विभिन्न कारण युवाहरु देशमा बस्न नरुचाइरहेको बताए। 'सबै विदेश जान चाहन्छन्। नेपालमा बस्नै मान्दैनन्। छोराछोरीलाई नेपालमै काम गर्ने वातावरण बनाउनुपर्ने छ,' देउवाले भने ।

उनले योजनाबद्ध विकास हुन नसक्दा गाउँ रित्तिने अवस्था आएको बताए । 'बजेटको सन्दर्भमा धेरै साथीहरूले सकारात्मक कुरा गर्नुभएको छ, कांग्रेसको आर्थिक नीति कस्तो हुने र नेपालको आर्थिक विकास कसरी हुने भन्ने विषयमा छलफल जरूरी छ । बिपी कोइरालाले पनि गाउँकै कुरा गर्नुभएको थियो, हाल गाउँ सिद्धिने अवस्थामा छन् । धेरैजसो पहाडबाट तराई-मधेस पसिसके, बाँकीलाई रोक्न ध्यान दिनुपर्ने छ,' सभापति देउवाले भने ।

पार्टी केन्द्रीय सदस्य एवं आर्थिक नीति तथा योजना विभागका प्रमुख प्रा.डा. गोविन्दराज पोखरेलले आगामी आवको बजेटले जलवायु परिवर्तनले निम्त्याएका जोखिमलाई बजेटले पर्याप्त सम्बोधन गर्न नसके पनि कार्यान्वयन भए केही सफलता हासिल गर्न सकिने बताए । कार्यपत्र प्रस्तुत गर्दै उद्यमशील कांग्रेसका अध्यक्ष अस्मिन सिटौलाले 'एआई' र 'स्टार्टअप' बुझेका कानुन व्यवसायीलाई सहभागी गराएर कानुनी झण्झट हटाउनुपर्ने र औद्योगिक वातावरण बनाउनुपर्नेमा जोड दिए ।

■■■

## श्रमको..

'श्रम आप्रवासन नेपालको विकास र अन्तर्राष्ट्रिय सहभागिताको एक महत्त्वपूर्ण पक्ष हो । तर अब हामी आवश्यकताबाट प्रेरित श्रम आप्रवासनभन्दा अघि बढेर, सचेत, सशक्त र सम्मानजनक विकल्पको मोडेलतर्फ अगाडि बढ्न चाहन्छौं,' उनले भने ।

सम्बोधनका क्रममा भण्डारीले समावेशी, सार्वभौमिक, र दिगो सामाजिक सुरक्षा प्रणालीप्रति मुलुक प्रतिबद्ध रहेको बताए। सामाजिक न्यायको यात्रामा कसैलाई पनि पछाडि नछोड्ने संकल्पअनुसार असंगठित क्षेत्रका श्रमिक र फर्केका आप्रवासी श्रमिकलाई पनि समेट्न थालिएको उनको भनाइ थियो। नेपालको संघीय संरचना अनुरूप सरकार, श्रमिक, र रोजगारदाता सबैको प्रतिनिधित्व रहने श्रम प्रशासन प्रणालीलाई प्रदेश र स्थानीय तहसम्म विस्तार गर्ने कार्य भइरहेको उनले बताए। मन्त्री भण्डारीले नेपाल न्यायोचित आपूर्ति शृंखला, सीप मान्यता, नैतिक भर्ती र श्रम गतिशीलता प्रशासनका विषयमा सक्रियरूपमा संलग्न भएको बताएका छन् ।

■■■

## इन्टरनेसनल...

'मुसहर समुदायका ५० जना युवाहरुलाई ल्याएर उनीहरुको पासपोर्ट बनाइदिएर इथिकल्ली रिक्रुट गर्यौं । भूकम्पप्रभावित जाजरकोटको वस्तीबाट ७० जनाभन्दा बढी युवाहरुलाई ल्याएर पासपोर्ट बनाइदिने, तालिम दिने गरेर रोजगारीमा पठाएका छौं। यस्ता धेरै उदाहरणहरु छन्,' उनले भने ।

आइएमआरले मलेसिया, साउदी, कतार र संयुक्त अरब इमिरेट्समा 'फ्रि-भिसा फ्रि-टिकेट'मा श्रमिक पठाउँदै आएको छ । यी मुलुकमध्ये ९९ प्रतिशत श्रमिक मलेसिया गएको जनाइएको छ । साउदीमा भने कम्पनीको मानवअधिकारको अवस्थालगायतका विषय हेरेर मात्र पठाउने सञ्चालक राईको भनाइ छ।

पत्रकार सम्मेलनमार्फत इथिकल रिक्रुटमेन्टलाई प्रभावकारी बनाउन संस्थामा आएका मागपत्रलाई गाउँगाउँमा पुऱ्याउने, रोजगारकर्ताको विगतको इतिहासको अध्ययन गरेर मात्र श्रमिक पठाउने, गइसकेका श्रमिकबाट त्यहाँको अवस्थाबारे जानकारी लिने, एजेन्टलाई रोक्न आफैं गाउँमा गएर रोजगारीमा जान चाहने युवाहरुलाई सुसूचित गराउने र रोजगारीमा जाने प्रक्रियामा उनीहरुले के-कस्तो अवस्था झेल्नुपऱ्यो भनेर सुझाव लिने गरेको जनाइएको छ ।

सन् २०२३ मा आइओएमले यस म्यानपावरलाई आइरिस प्रमाणीकरणका लागि सिफारिस गरेको थियो । संस्थाको गहन र विस्तृत लेखापरीक्षणपश्चात् प्रमाणीकरण दिएको हो। अस्वस्थ प्रतिस्पर्धाबाट बाहिर निस्किएर यो अभ्यासलाई अन्य व्यवसायीले पनि अवलम्बन गर्नुपर्ने सञ्चालन राईको धारणा छ । 'विगतमा अन्तर्राष्ट्रिय मञ्चमा जाँदा म्यानपावर व्यवसायी हुँ भन्न लाज लाग्थ्यो। अहिले इथिकल रिक्रुटमेन्टको अभ्यासपश्चात् जुनसुकै फोरममा पनि यो व्यवसाय गर्छु भन्दा गर्व महसुस हुन्छ,' उनले भने ।

■■■

# तामाङ चिकित्सक संघलाई आर्थिक सहयोग



■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल घिसिङ समाजका सदस्य सुकमान लामाले तामाङ चिकित्सक संघलाई ५० हजार रुपैयाँ सहयोग गरेका छन्। हाल आयरल्याण्डमा रहेका उनले संघको कोष सञ्चालनका लागि आर्थिक सहयोग गरेका हुन् ।

आइतबार लेखक तथा अनुसन्धाता रवीन्द्र तामाङको उपस्थितिमा घिसिङ समाजका महासचिव दीपक घिसिङले उक्त रकम संघका अध्यक्ष डा. निराजन तामाङलाई हस्तान्तरण गरेका छन्। सहयोग रकम बुझ्दै अध्यक्ष तामाङले सहयोगी लामा र समन्वय गर्ने घिसिङ समाजलाई धन्यवाद दिए ।

तामाङ चिकित्सकहरुको साझा संस्था संघको कोषलाई मजबुत् बनाउन यो सहयोगले महत्त्वपूर्ण योगदान गर्ने उनको भनाइ थियो । यस कोषबाट जटिल रोगको उपचारका लागि आर्थिक अभावमा परेका तामाङ समुदायका बिरामी व्यक्तिलाई सहयोग गर्ने संघको योजना रहेको अध्यक्ष डा. तामाङले बताए ।

सोही अवसरमा लेखक तामाङले तामाङहरु संसारको जुनसुकै कुनामा रहे पनि समुदायको हितमा एकजुट हुनु गौरवको कुरा भएको बताए । उनले तामाङ चिकित्सक संघको सामाजिक हितको योजनामा आयरल्याण्डबाट सुकमानले गरेजस्तै सहयोग सबैले गरे उक्त योजना सफल हुने धारणा राखे ।

घिसिङ समाजका महासचिव घिसिङले राम्रो काममा सबैले साथ दिनुपर्छ भन्ने भावनाका साथ चिकित्सक संघका लागि सहयोग जुटाउन समन्वय गरिएको बताए । उनले संघको कार्यक्रममा आफ्नो व्यक्तिगत र संस्थागत सहकार्य निरन्तर रहने पनि बताए ।


## काठ, दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

**प्रथम पटक सूचना प्रकाशन मिति २०८२/०२/२७ गते**

यस सामुदायिक वन उपभोक्ता समूहबाट आ.व.०८१/८२ मा साल, असना, जामुन रुखहरुबाट सङ्कलन भएको साल, असना, जामुन प्रजातिको गोलिया ५७८.१९ काठ र साल मिश्रित दाउरा ३ चट्टा लिलाम बिक्री गर्नु परेकोले यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले २१ दिनभित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । थप जानकारीको लागि यस समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

***श्री मोरहान लंकाकोट सा.व.उ.स., माथागढी–८, पाल्पा ।***


क्रमशः पृष्ठ २ बाट


**१०) ग्राहकको नामःसिद्धकाली बंगुर फार्म,** दर्ता भएको कार्यालयः गोलन्जोर गाँउपालिका गाँउ कार्यपालिकाको कार्यालय ग्वलटार सिन्धुली,
फर्मको दर्ता नं. ६१२, दर्ता मितिः २०७७/०५/२४, पान नं. ६१३६३२४७६

लिलाम हुने अचल सम्पत्तिको विवरण

| कर्जा शिर्षक | जग्गाधनीको नाम | जिल्ला | न.पा./गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल(रोपनी) |
|---|---|---|---|---|---|---|
| पशु पालन | झलक बहादुर दमाई | सिन्धुली | डुडभन्ज्याङ | ०६छ | ८९, ९० | ३-१२-०-३, ६-५-०-२ |

प्रोप्राईटरको विवरण

| नाम | ठेगाना | ना.प्र.नं. | नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय | बाबु | बाजे |
|---|---|---|---|---|---|
| झलक बहादुर दमाई | डुडभन्ज्याङ-०६ | १५२/२६३७४ | सिन्धुली/२०५९/०८/१०/जिल्ला प्रशासन कार्यालय | अविरे दमाई | फसे दमाई |

व्यक्तिगत तथा धितो जमानीकर्ताको विवरण

| नाम | ठेगाना | ना.प्र.नं. | नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय | पति/बाबु | ससुरा |
|---|---|---|---|---|---|
| लक्ष्मी दमाई | खाङसाङ-०९ | २०३००४/३८७ | सिन्धुली २०६३/१०/२६ जिल्ला प्रशासन कार्यालय | झलक बहादुर दमाइ / शन्त विर दमाई | अविरे दमाई |

**शर्तहरू :**

१. शिलवन्दी बोलपत्र फारम यस बैंकको कुनै पनि शाखा कार्यालयबाट रु १,०००। (पछि फिर्ता नहुने गरी) तिरी खरिद गर्न सकिनेछ। फोटोकपी गरिएको फारम मान्य हुने छैन ।
२. लिलामी सूचनामा उल्लेखित कर्जा शिर्षक र नम्बर बोलपत्र फारममा अनिवार्य रुपमा उल्लेख गर्नु पर्नेछ। साथै, बोलपत्रको खाम बाहिर कर्जा शिर्षक र नम्बर समेत उल्लेख गरेको हुनु पर्नेछ।
३. रित नपुगेको, न्यूनतम् मूल्य भन्दा कम उल्लेख भएको, तोकिएको मिति र समयमा आई नपुगेको टेण्डर उपर कुनै कारवाही गरिने छैन ।
४. कुनै कारण जनाई वा नजनाई टेण्डर स्वीकृति गर्ने वा नगर्ने अधिकार यस बैंकमा सुरक्षित रहने छ ।
५. टेण्डर मिति २०८२/०३/३१ गते का दिन दिनको १२ बजे कृषि विकास बैंक शाखा कार्यालय सिन्धुलीमा टेण्डर दिने व्यक्ति वा निजको प्रतिनिधिहरुको रोहवरमा वा निजको उपस्थिति नभएमा पनि उपस्थित भएसम्मका व्यक्तिहरुको रोहवरमा खोलिने छ ।
६. टेण्डरसाथ आफूले दिन चाहेको मोलको न्यूनतम १०% रकम भुक्तानी दिनु पर्ने हिसाव वा धरौटी वापत शाखा कार्यालयको जम्मा गर्नु पर्नेछ र सोको सक्कल बैंक भौचर/रसिद टेण्डरसाथ राखेको हुनुपर्नेछ ।
७. टेण्डर स्वीकृत भएपछि बाँकी रकम ७ (सात) दिन भित्र दाखिल गरी सामान उठाई लैजानु पर्नेछ, घर/जग्गा र सवारी साधनको हकमा नामसारी गरि सक्नु पर्नेछ अन्यथा धरौटी जफत भई उक्त सम्पत्ति पुनः बिक्री गर्न सकिनेछ ।
८. आफूले सम्पत्ति लिन दिएको मोल अङ्क र अक्षरमा प्रष्टसँग लेखिएको हुनु पर्नेछ। साथै, उल्लेखित सम्पूर्ण सम्पत्ति वा अलग अलग कित्ता लिने हो सो समेत खुलाई पेश गर्न सकिनेछ ।
९. शिलबन्दी टेण्डर खाममा लाहाछाप लगाएको हुनु पर्ने छ ।
१०. शिलबन्दी टेण्डर दिने व्यक्तिले नागरिकताको प्रमाणित प्रतिलिपी र संगठित संस्था भए संस्था दर्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपी संलग्न हुनुपर्नेछ। साथै संस्थाको हकमा कम्पनीको छाप, अख्तियारनामा र निजको अख्तियारवाला कर्मचारीको दस्तखत हुनुपर्नेछ।
११. बोलपत्र सदर वा बदर हुनु अगावै ऋणीले सम्पूर्ण कर्जा बुझाएमा प्राप्त बोलपत्रहरु रद्द गरी धरौटी रकम फिर्ता दिन सकिनेछ।
१२. लिलाम सदर/बदरको निर्णय नभए सम्म धरौटी रकम फिर्ता माग गर्न र सोमा व्याज दाबी गर्न पाईने छैन ।
१३. लिलाम सदर भए पश्चात दाखिल/खारेज नामसारी गर्दा सम्बन्धित निकायमा तिर्न बाँकी कर, राजश्व, मालपोत, रजिष्ट्रेशन दस्तुर लगायतका सम्पूर्ण राजश्व, कर, दस्तुर एवं अन्य भैपरी खर्च बोलपत्रदातालेनै व्यहोर्नु पर्नेछ ।
१४. अन्य जानकारीको लागि यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।

**कृषि विकास बैंक लि.**
**कर्जा असुली तथा संकलन विभाग**
**मुख्य कार्यालय, काठमाडौं**



## मोटरसाइकल हराएको सूचना

मिति २०८२।०२।२० गते काठमाडौं, गोंगबुको रोबोट होटलमा पार्किङ गरिराखेको कालो/रातो रङ्को Pulsar 150 cc मोटरसाइकल हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु ।

**कम्पनीको नाम : हुलास अटो क्राफ्ट प्रा.लि.**
**ऋणीको नाम : यमलाल घिमिरे**
**बाइक नं.: बा.प्र.०२ ०५१ प ७६७४**
**च्यासिस नं.: MD2A11CX3RPD58324**
**इन्जिन नं. : DHXPRD7651899**
**ठेगानाः कलंकी, काठमाडौं**
**सम्पर्कः ९८६९३२३०१०**



दावी विरोध सम्बन्धी
वैदेशिक रोजगार विभाग, काठमाडौंको

**सूचना**

प्रकाशित मितिः २०८२/०२/२७

नेपाल सरकारबाट बैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त संस्था श्री **Shada Employment Services Pvt. Ltd.** (इ.प.नं. 1387/074/75) को संचालक/शेयरधनीले आफ्नो नाममा कायम रहेको शेयरहरू दा.खा. नामसारी गरि पाउन कम्पनी रजिष्ट्रारको कार्यालयका नाममा सहमतिको सिफारिश गरिदिन यस विभागमा निवेदन दिएको हुँदा माग बमोजिम शेयर हक हस्तान्तरण तथा नामसारीको सह दिँदा कोही कसैको हक स्वामित्व तथा लेनदेनमा असर पर्ने भए वा कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र सबुद प्रमाण सहित बैदेशिक रोजगार विभागमा सम्पर्क गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । अन्यथा माग बमोजिम शेयर नामसारीको लागि सहमति भै जाने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराइन्छ ।

तपसिल

| साविक शेयरधनीको नाम / शेयर संख्या | अब कायम हुने शेयरधनीहरुको नाम / शेयर संख्या |
|---|---|
| १. श्री दावा गुरूङ (०१-२५०००)<br>२. श्री घनश्याम तामाङ (२५००१-५००००) | १. श्री रोशन कुमार ठाकुर (०१-५००००)<br>२. श्री दावा गुरूङ (५००१-५००००) |



## साउथ अफ्रिका (MAURITIUS) मा रोजगार
कम्पनी : MARTINSON & COMPANY LTD

पूर्व स्वीकृति मिति : २०८२/०२/२५ | LT. No. 325347 | चलानी नं. ६०२३९२९८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव MUR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Mason,Carpenter, Steel fixer | 70 | 0 | 19500 | ५८,४५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ असार ३ गते (17th June 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

Humour Overseas Pvt. Ltd.
Gwarko-7, Lalitpur, Tel No. +977-01-5528563, 5531210, 5525424
Email : humouroverseas777@gmail.com, infohumour@gmail.com, www.humouroverseas.com
श्रम इजाजत नं. ७७७/०६५/०६६



## कतारमा रोजगार
कम्पनी : NILA CATERING RESTAURANT

पूर्व स्वीकृति मिति : २०८१/०७/०२ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०२/२६ | LT. No. 312273 | चलानी नं. ६०२२६७८८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kebab Maker (Cook) | 2 | 0 | 1600 | ६०,१७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ असार ३ गते (17th June 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।


श्रम इजाजत नं. ९५४/०६७/६८
VARSHA MANPOWER PVT. LTD.
Maharajgunj-3, Kathmandu, Phone No: 015908044/015906944



## साउदीमा रोजगार
कम्पनी : MAHARAH HUMAN RESOURCES COMPANY

पूर्व स्वीकृति मिति : २०८१/११/२८ | पुनः विज्ञापन स्वीकृति मिति : २०८२/०२/२६ | LT. No. 320276 | चलानी नं. ६०२३४४०६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CONSTRUCTION LABOURS | 34 | 0 | 1000 | ३६,५८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : AL MAWARID HUMAN RESOURCES COMPANY

पूर्व स्वीकृति मिति : २०८१/०८/१९ | पुनः विज्ञापन स्वीकृति मिति : २०८२/०२/२६ | LT. No. 314664 | चलानी नं. ६०२२९२७१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 88 | 0 | 1000 | ३६,५८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ असार ३ गते (17th June 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।


All Asia Overseas Pvt.Ltd
Ratopul, Gaushala-7, Kathmandu, Nepal
Phone +977-01-4621975, 4621918 E-mail : info@allasiaoverseas.com
श्रम इजाजत नं. १३०५/०७४/०७५

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### जिम्मेवार कांग्रेसको झुर 'पर्फमेन्स'

**नेपाली कांग्रेस प्रतिनिधिसभाको सबैभन्दा ठूलो दल हो । कांग्रेसले आफूलाई लोकतान्त्रिक दलको रूपमा आफूलाई उभ्याउँदै आएको छ । यसो त कांग्रेसले अरु दललाई पारदर्शीता, सुशासनको पाठ पनि पढाउने गर्छ । तर कांग्रेस आफैं भने यस्ता नैतिक शिक्षा कार्यान्वयन गर्न इच्छुक देखिँदैन । इँट्टाभट्टामा जिउँदै मानिसलाई जलाएको अभियोगमा जेल परेका व्यक्ति छुटाउन कांग्रेस सभापति शेरबहादुर देउवा आफैं लागिपर्छन् । अभियुक्त छुट्दा ठिकै भयो भनी अभिव्यक्ति दिन्छन् ।**

**यतिमात्र हैन अहिले कांग्रेसले एमालेसँग सत्ता सहकार्य गरिरहेको छ । आफ्नो दलको तर्फबाट अर्थमन्त्री हुँदा खुद्रे योजनामा पैसा हाल्न नहुने र ऋण पर्ने गरी काम गर्नै नहुने अडान लिने कांग्रेसले आफ्नै दलको भवन बनाउन भने सरकारी ढुकुटीबाट पैसा खन्याउने भएको छ ।**

**यी विषय जब आफ्नै भ्रातृ संगठनले विज्ञप्तिमार्फत बाहिर ल्यायो तब सर्वसाधारणले थाहा पाए । पाप धुरीबाट कराउँछ भनेझैं कांग्रेसको युवा संगठन तरुण दलले आफूले पाएको बजेट लुकाइराख्न सकेन । तरुण दलका अध्यक्ष विद्धान गुरुङले विज्ञप्ति नै निकालेर देउवा र सहरी विकासमन्त्री प्रकाशमान सिंहलाई धन्यवाद दिएपछि कांग्रेसले दलको लागि सरकारी ढुकुटी चलाएको विषय छताछुल्ल भयो ।**

**कांग्रेसले यतिमै चित्त बुझाएको हैन रहेछ भन्ने कुरा दोलखा कांग्रेसका लागि बागमती प्रदेश सरकारले पारेको ठेक्काबाट प्रस्टियो । दोलखामा प्रदेशसभा सदस्य जितेका केन्द्रीय सदस्य कुन्दनराज काफ्ले अहिले बागमती सरकारका अर्थमन्त्री छन् । उनले बागमती सरकारको चाबी आफ्नो हातमा भएको मौका पारी आफ्नो जिल्लाको पार्टी कार्यालयका लागि चार करोड रूपैयाँ बजेट विनियोजन गरिदिए । यतिमात्र हैन यो भवन शिलान्यास गर्न आफ्नै गुटका नेता कृष्णप्रसाद सिटौलालाई दोलखा उतारे ।**

**सुशासन, पारदर्शीता र लोकतन्त्रको पाठ सिकाउने कांग्रेस आफैं भने दिनानुदिन सरकारी ढुकुटी रित्याउने र नैतिकरूपमा कमजोर बन्दै गएको छ । भिजिट भिसामा सेटिङ गरी वैदेशिक रोजगारीमा जानेहरूबाट लाखौं असुली गर्ने अध्यागमनका कर्मचारीको विषयमा अहिलेका गृहमन्त्री रमेश लेखकमाथि पनि प्रश्न उठेको छ । यही कारण केही दिनयता सदन अवरुद्ध छ । गृहमन्त्री लेखक कांग्रेस नेता हुन् । विपक्षीले गृहमन्त्रीको राजीनामा माग्दा कांग्रेसले यसलाई अनावश्यक ठान्दै आएको छ । जिम्मेवार दल कांग्रेसले झुर पर्फमेन्स गर्दै यसरी नै अघि बढ्दै जाने हो या जनताप्रति उत्तरदायी बन्दै जाने हो ?**

# सूचनाको हक कार्यान्वयन प्रभावकारी बनाउने उपाय



■ उमीद बागचन्द

> संविधानको धारा २७ मा नागरिकलाई सूचनाको हकसम्बन्धी हक भएता पनि यसको कार्यान्वयनको पाटो कति अव्यवस्थित छ भन्ने केही उदाहरणहरु लिन सकिन्छ । कतिपय कार्यालयमा समयमै सूचना अधिकारी तोकेको नहुनु, सूचना अधिकारीको सरुवा भएको महिनौं बितिसक्दा पनि दोस्रो व्यक्तिलाई सूचना अधिकारी नतोकिनु, वेबसाइटमा नाम भएको सूचना अधिकारीको व्यक्ति त्यहाँ हुँदैनन् । त्यस्तै, अधिकांश कार्यालयले सूचना अधिकारीको मोबाइल नम्बर उल्लेख नगर्नु ल्याण्डलाइन फोनको नम्बर दिएको हुन्छ, त्यो फोन नम्बर पनि या त लाग्दैन, लागे पनि उठ्दैन, उठ्यो भने पनि सूचना अधिकारी त्यहाँ हुँदैनन् ।

आमनेपाली नागरिकको मौलिक हकका रूपमा रहेको सूचना हकलाई सबैका लागि सहज पहुँच बनाउन, सरकारी निकायलाई जवाफदेही र जिम्मेवार बनाउने उद्देश्यले परिकल्पना गरिएको यस सूचनाको हकसम्बन्धी ऐन २०६४ व्यावहारिकरूपमा कार्यान्वयनको बाटोमा अघि बढिरहेको छ । यो ऐन कार्यान्वयनले सुशासन कायम गर्न टेवा दिनेमात्र नभई सार्वजनिक निकायलाई जवाफदेही र जिम्मेवार बनाउने काम गर्दछ । यो ऐनको व्यावहारिकरूपमा प्रयोग गरेर सार्वजनिक निकायलाई जवाफदेही र जिम्मेवार बनाउन नागरिक स्तरबाट समेत सूचनाको हकको अभियान सञ्चालन मात्र गरिएको छैन, सूचनाको हकको प्रवर्द्धनमासमेत अभियानकर्ताहरू लागिपरेका छन् । फलस्वरुप सार्वजनिक निकायका सूचना अधिकारीहरू पनि सूचना दिने कार्य गरिरहेका छन् । विगतको तुलनामा सूचना माग्ने र दिने क्रम पनि बढेको छ ।

सार्वजनिक निकायले गर्नुपर्ने अनिवार्य कानुनी प्रावधानका रूपमा रहेको तीन/तीन महिनामा स्वतः प्रकाशन गर्ने कार्य केही हदसम्म हुँदै पनि आएको छ । सूचना माग्ने र दिन परम्पराको थालनी भएको छ भन्न सकिन्छ । यो कानुन सुशासनका लागि महत्त्वपूर्ण औजारका रूपमा प्रयोग गर्ने केही कार्यालयहरू पनि बढ्दै गएको पाइन्छ । यो कानुनको सबै सार्वजनिक निकायहरूले व्यावहारिकरूपमा प्रयोग र कार्यान्वयन गर्ने वातावरण सिर्जना हुँदै आएको छ । निजगढ विमानस्थल बनाउने भनिएको क्षेत्रको सूचनाको हक प्रयोग गरेर वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन बाहिर आएपछि लामो समयसम्म अन्योलमा रहेको निजगढ विमानस्थलको कार्यले निकास पाएको छ । सूचनाको हक प्रयोग गरेर मागेको सूचनाले धेरै कुराको खुलासा गरी गलत हुन लागेको काम रोकिएको छ ।

### कानुनमा भएका व्यवस्था

सूचनाको हकसम्बन्धी ऐन २०६४ जनताको सूचनाको हकलाई संरक्षण गर्न र सरल पहुँचका लागि बनाइएको ऐन हो । यस ऐनले सार्वजनिक निकायबाट सम्पादन हुने वा भएको सार्वजनिक महत्त्वको काम, तत्सम्बन्धी कारबाहीको निर्णयसँग सम्बन्धित कुनै लिखित सामग्री वा जानकारीलाई नै सूचना हो भनी सूचनालाई परिभाषित गरेको छ । यसको धारा २७ ले प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको विषयको सूचना माग्ने र पाउने हक प्रदान गरेको छ, तर कानुनबमोजिम गोप्य राख्नुपर्ने सूचनाको जानकारी दिन कसैलाई बाध्य पारिने छैन भनी उल्लेख गरेको छ ।

यस ऐनको अनुपालन गर्नका लागि आवश्यक निर्देशन प्रदान गर्न नियमावलीको निर्माण गरिएको छ । यो ऐन कार्यान्वयनका सवालमा सरकारका हरेक निकायमा सूचना अधिकारी तोक्नुपर्ने अनिवार्य कानुनी व्यवस्था छ । अतः कुनै पनि सिद्धान्त तथा कानुन जति महत्त्वपूर्ण हुन्छ, त्यसको कार्यान्वयनपक्षले पनि त्यत्तिकै महत्त्व राख्दछ । कार्यान्वयन कति हुन सक्यो र त्यसको प्रभाव कति रह्यो भन्ने नै महत्त्वपूर्ण हुन्छ । कानुनीमा व्यवस्था छ तर व्यवहारमा कार्यान्वयन पक्ष कमजोर छ भने कानुनको औचित्य रहँदैन ।

### सूचनाको हकसम्बन्धी कानुन २०६४ कार्यान्(वयनको व्यावहारिक पाटो

संविधानको धारा २७ मा नागरिकलाई सूचनाको हकसम्बन्धी हक भएता पनि यसको कार्यान्वयनको पाटो कति अव्यवस्थित छ भन्ने केही उदाहरणहरू लिन सकिन्छ । कतिपय कार्यालयमा समयमै सूचना अधिकारी तोकेको नहुनु, सूचना अधिकारीको सरुवा भएको महिनौं बितिसक्दा पनि दोस्रो व्यक्तिलाई सूचना अधिकारी नतोकिनु, वेबसाइटमा नाम भएको सूचना अधिकारीको व्यक्ति त्यहाँ हुँदैनन् । त्यस्तै, अधिकांश कार्यालयले सूचना अधिकारीको मोबाइल नम्बर उल्लेख नगर्नु ल्याण्डलाइन फोनको नम्बर दिएको हुन्छ, त्यो फोन नम्बर पनि या त लाग्दैन, लागे पनि उठ्दैन, उठ्यो भने पनि सूचना अधिकारी त्यहाँ हुँदैनन् ।

गणतन्त्रलाई संस्थागत गराउने कार्यका लागि सरकारका काम कारबाहीलाई जवाफदेही, जिम्मेवार र पारदर्शी हुनुपर्ने हुन्छ । यसका लागि जनतालाई सुशासनको अनुभूति गराउनाका साथै जनताप्रति उत्तरदायी सरकार छ भन्ने पहिचान गराउनसमेत महत्त्वपूर्ण औजारको रूपमा रहेको यो कानुनको कार्यान्वयन गराउन सूचनाको हकका लागि राष्ट्रिय महासंघ र राष्ट्रिय सूचना आयोगलाई चलायमान गराउन आवश्यक सहयोग गर्नु सरकारको अपरिहार्य दायित्वलाई सरकारमा बस्नेहरूले नकार्न मिल्दैन । अतः यसका लागि सरकारले विशेष योजनाका साथ तल्लो तहका जनतासम्म यसको सन्देश पुऱ्याउन आवश्यक हुन्छ । साथै, राष्ट्रिय सूचना आयोगद्वारा प्रभावकारी अनुगमन र नागरिक स्तरबाट सञ्चालन गरिएका अभियानहरू र उनीहरूले सम्पादन गरेका सकारात्मक गतिविधिहरूलाई प्रशंसा गर्ने पद्धतिको विकास हुनुपर्ने भन्ने हो ।

### नागरिक प्रयासमा यो अभियान

अन्तर्राष्ट्रिय भ्रष्टाचारविरुद्धको दिवसका अवसरमा सूचनाको हकका लागि राष्ट्रिय महासंघले सुरु गरेको सूचना माग्ने एक महिने अभियानअन्तर्गत ७५३ वटै पालिकालगायत सरकारी कार्यालयहरू र अन्य सार्वजनिक निकायहरूबाट झण्डै एक हजारभन्दा बढी सूचना मागिएका छन् । हाल उक्त अभियानलाई समय बढाएर निरन्तरता दिइएको छ । राजधानीमा यो अभियानले तीव्रता लिएको छ भने राजधानीदेखि बाहिर पनि यो अभियानले गति लिँदै छ ।

सूचनाको हकको कानुन आएपछि दुईपटक यो कानुनको मर्मलाई तोड्ने प्रयास भएको देखिन्छ । प्रथमतः डा. बाबुराम भट्टराई प्रधानमन्त्री रहेको बेलामा पहिलोपटक सूचनाको वर्गीकरणका नाममा सरोकारवालाको सुझाव तथा सहभागिताविना गरिएको सूचनाको वर्गीकरण गर्ने कार्य भयो । यस सम्बन्धमा सर्वोच्च अदालतमा रिटसमेत परेको थियो र सो रिटमा सर्वोच्च अदालतले व्याख्यासहित अहिलेलाई कार्यान्वयन नगर्नू/नगराउनू भन्ने आदेश दिएपछि त्यो बेलाको सूचनाको वर्गीकरण रोकिएको थियो । लामो समयसम्म रोकिएको सूचनाको वर्गीकरण गर्ने कार्य दोस्रोपटक तत्कालीन सरकारका प्रधानमन्त्री पुष्पकमल दाहालको सरकारले पूर्णता पाउन नसकिरहेकै अवस्थामा ८७ वटा सूचनाको वर्गीकरणको प्रयास भएको थियो । यसमा पनि सर्वोच्च अदालतले कायम गरेको नजिरको बेवास्ता गरिएको थियो । नागरिक सहभागिता तथा सरोकारवालासँगको छलफलविना नै वर्गीकरण समितिले ल्याएका कारण नागरिकस्तरबाट विरोध गरेपछि रोकिएको थियो । यसले के संकेत गर्दछ भने सरकारी संयन्त्र सूचनाको हकको सम्बन्धमा सकारात्मक नदेखिएको भान हुन्छ ।

### 'सूचनाको हक' सञ्चारमाध्यमको विषयवस्तुमा पर्न नसकेको विषय

जतातत्तै भ्रष्टाचार र सेटिङको पद्धतिले गाँजिएको राजनीतिक परिस्थिति र अर्थतन्त्रको अवस्था देशमा विद्यमान रहेको छ । यस गिजोलिएको परिस्थितिलाई केही हदसम्म सूचना मागेर जिम्मेवार निकायलाई जिम्मेवार, जवाफदेही र पारदर्शी बनाउनसक्ने यो कानुनका सवालमा भए गरेका र हुनुपर्ने भन्ने विषय सञ्चारमाध्यमहरूको विषयवस्तु बन्न सकेको छैन । पछिल्लो समयमा राजधानी काठमाडौंमा सूचनाको हकका लागि राष्ट्रिय महसंघले दुईमहिने सूचना माग्ने अभियान सञ्चालन गरेको थियो । काठमाडौं महानगरपालिकाका सबै वडा र अन्य पालिकामा अभियन्ताहरू र स्थानीयले विभिन्न विषयमा सूचना माग्ने कार्यलाई तीव्रता दिएका छन् । देशका ७५३ वटा पालिकामा सूचना मागेर सूचना दिएका विवरणहरू पनि आइरहेका छन् । यी विषयहरू सञ्चारमध्ययमको उठानमा पर्न सकेको छैन । यसका लागि सुरुआतमा कम्तीमा सरकारले आफ्ना सरकारी सञ्चारमाध्यमहरूबाट सूचनाको हकको कानुनको महत्त्व र प्रयोग आमजनतामा पुऱ्याई सरकारलाई जवाफदेही, जिम्मेवार र पारदर्शी बनाउन सञ्चारमाध्यमबाट स्वतः प्रसारण गर्ने वातावरण सिर्जना गर्नुपर्छ भन्ने हो । यसका लागि सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, राष्ट्रिय सूचना आयोग र सूचनाको हकका लागि राष्ट्रिय महासंघको संयुक्त प्रयास हुने वातावरण सिर्जना हुन जरुरी छ ।

नागरिक अभियानका रूपमा सूचनाको हकका लागि राष्ट्रिय महासंघले आफ्ना सञ्जालहरूमार्फत पालिकास्तरसम्म सूचनाको हकसम्बन्धी सन्देश पुऱ्याउने प्रयास गरेको छ, तर स्रोत साधन नहुँदा प्रभावकारी हुन सकिरहेको छैन । यसका लागि सरकारको सकारात्मक धारणाका साथ नीति तथा कार्यक्रममै उल्लेख हुन जरुरी हुन्छ र महासंघजस्ता नागरिक अभियानहरूसँग सहकार्य र सहयोग गर्दै प्रभावकारी योजना र रणनीति बनाइनु आवश्यक हुन्छ । सूचनाको हकलाई अनावश्यक झण्झटका रूपमा हेरिएको कारणले नियमानुसार सहजरूपमा सूचना पाउन नसकिरहेको अहिलेको अवस्था हो ।

### प्रभावकारी कार्यान्वयन र समाधानका उपाय

यो ऐनको उत्पत्तिको आवश्यकता नै जनताको संविधानले प्रदान गरेको सूचनाको हकलाई व्यावहारिकरूपमा प्रयोगको सुनिश्चित गराउनु हो । तर जुन मर्मले यो कानुन ल्याइएको हो त्यसको पालना भने अहिलेसम्मका कानुनले भनेअनुसार सरकारी निकायमा बसेका अधिकारीहरूले बुझ्ने प्रयास नगरेको र वास्तासमेत नगरेको बेलाबखतमा कतिपय अभियन्ताहरूको बुझाइरहेको देखिन्छ । सरकारी निकायहरूबाट कानुनको व्यावहारिक कार्यान्वनका लागि विशेष कार्ययोजनाका साथ लागू गर्ने गराउने प्रयास भए गरेको देखिँदैन ।

साथै, आमनागरिकले समेत सूचना माग्ने वातावरण सिर्जना गर्ने वातावरण बन्नुपर्छ । सरकारीस्तरबाट सचेतनाका कार्यक्रमहरू सञ्चालन गरिने वातावरण बन्नका साथै राष्ट्रिय सूचना आयोगको दायरा फराकिलो पारिनुपर्छ । त्यसका लागि सरकारले राष्ट्रिय सूचना आयोगलाई पर्याप्त स्रोतसाधन उपलब्ध गराएर सहजरूपमा काम गर्ने वातावरण सिर्जना हुनुपर्ने अभियन्ताहरूको बुझाइ छ । साथै, सूचनाको हकसम्बन्धी जानकार, अग्रजहरू तथा पूर्वआयुक्तहरू र अभियान्ताहरूबीच छलफल हुनसमेत जरुरी हुन्छ । सूचनाको हकका लागि राष्ट्रिय महासंघले पनि योजनाबद्ध रूपमा त्यसलाई अनुशरण गर्ने वातावरण बनाउन जरुरी हुन्छ । *रासस*

*(लेखक सूचनाको हकका लागि राष्ट्रिय महासंघका केन्द्रीय अध्यक्ष हुन्)*

## श्रम सरोकार

### आप्रवासी कामदारका लागि अन्तर्राष्ट्रिय कानुनका केही प्रावधान

मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, संयुक्त राष्ट्रसंघीय र अन्तराष्ट्रिय श्रम संगठन (आइएलओ)का विभिन्न महासन्धिहरूले आप्रवासी कामदारहरूलाई निम्न अधिकार प्रदान गरेका छन्:

- कामको अधिकार, समान कामका लागि महिला र पुरुषलाई समान ज्यालाको अधिकार
- घुमफिरको स्वतन्त्रता (एक देशबाट अर्को देशमा जान पाउने अधिकार/स्वदेश फर्कन पाउने अधिकार)
- लिंग, जाति, राष्ट्रियता आदिका आधारमा भेदभाव नगरी समानताको अधिकार
- अदालतका काम कारबाहीमा नागरिकसरह समानताको अधिकार, स्वच्छ पुर्पक्षको अधिकार
- कामका सेवा सर्तहरूमा नागरिकसरह समान व्यवहार पाउने अधिकार
- सांस्कृतिक तथा ट्रेड युनियनको अधिकार ।

**नोटः** महासन्धि अनुमोदन नगरेको राष्ट्रमा महासन्धिका व्यवस्थाहरू लागू नहुन सक्छन् । ट्रेड युनियनको अधिकार, बन्द/हडताल गर्नेजस्ता कुरामा सम्बन्धित देशको कानुन नबुझी कदम उठाउँदा धेरै नेपालीले जागिर गुमाएका छन् । यसर्थ अधिकारको प्रयोग गर्दा सम्बन्धित देशको कानुनको पालना गर्नु जरुरी हुने छ ।

#### महिला कामदारले ध्यान दिनुपर्ने कुराहरू

- प्रायः घरमा सिसी क्यामरा जडान गरिएको हुन्छ । त्यसबाट सबै कुरा हेरिरहेका हुन्छन् । त्यसैले होस् पुऱ्याउनुपर्दछ ।
- घरमुली वा रोजगारदातासँग बढी कुराकानी गर्दा कतिपय ठाउँमा राम्रो मानिँदैन ।
- नचिनेको महिला वा पुरुषको साथ लागेर नचिनेको/नजानेको ठाउँमा जानु हुँदैन ।
- पुरुष रोजगारदाता मात्र घरमा भएका बेला विशेष सावधानी अपनाउनुपर्दछ ।

#### ठगीबाट जोगिने उपायहरू

- एजेन्टको मात्र भर नपरी म्यानपावरसँग सीधा सम्पर्क गर्ने ।
- कुन देश जाने हो ? कति तलबमा जाने हो ? लागत खर्च कति लाग्छ ? कुन म्यानपावरबाट जाँदै छु ? आदि कुराहरू बुझेर जानुपर्छ । लागत खर्च र आम्दानीको बारेमा राम्ररी बुझ्नुपर्दछ ।

# अख्तियारको पासो ?






✍ बैकुण्ठ भण्डारी

अमेरिकामा सेतो घर अर्थात् ह्वाइट हाउस जति धेरै चर्चामा छ, त्यत्ति नै धेरै चर्चा नेपालमा रातो घरको छ । उताको सेतो घरको चर्चा विश्वमा छ, यताको रातो घरको चर्चा सेतो सर्ट र निलो पाइन्ट लाउनेहरुको सातो खानेमा छ । सानो माछो च्याप्पै पार्न माहिर रातोघरले धेरैको मुटुमा ढ्यांग्रो ठोक्न थालेको छ । रातो क्रान्तिका नायक 'माकुने' लाई माकुराको जालोमा पारेपछि रातो घरको चर्चा नचुलिने त कुरै भएन । साना माछा खाँदाखाँदा वाक्क भएर होला रातो घरले ठूलो माछा खोजेजस्तो पनि गरेको छ । गाउँदेखि सहर, खेतदेखि बगरसम्म 'माकुने' काकाकै चर्चा चलिरहेको छ ।

सामाजिक सञ्जालदेखि टेलिभिजनका पर्दासम्म, छापिएका पत्रिकादेखि कपी पेस्ट गर्नेसम्म पनि उनै 'माकुने' काकाको तस्बिरले ढाक्न थालेको छ । बिहानै सबेरै 'राधे श्याम, राधे श्याम' भाकाको भजनकीर्तन, नातिले किनिदिएको चारपाते मोबाइल हेर्दै दंग पर्ने हस्तबहादुर भाका न सुर भएका, नेप्टी र चेप्टीहरु आफैंले अनुसन्धान गरेर थाहा पाएजस्तै गरी मोबाइलमा मात्र देखिने 'माकुने' को रातो घरको सन्देश फलाके पनि कञ्चटका रौं तातेर आयो भनिरहेका छन् । बिहानदेखि तात्तो छारोका सन्देश घोक्रो सुक्नेगरी फलाकेर पनि हुन्छ । 'के तालको जवाना आको होला !' हस्तबहादुर मोबाइल बन्द गर्दै भुनभुनिए ।

ओछ्यानबाट पनि बाहिर ननिस्कँदै भुनभुनिएको देखेर स्टिलको लामो ग्लासमा तातो चिया बोकेर कोठामा छिर्दै गरेकी हस्तबहादुरकी जहान रमिलालाई पारा ठीक लागेन छ क्यार ! 'हैन, आज उठ्न नपाउँदै किन कन्पारो तताइराको भन्या ?' 'के हुनु नि, कहिलेकाहीँ त यो मोबाइल पनि फाल्दिउँ जस्तो रिस उठ्छ भन्या । चाहिने नचाहिने के-के आउँछ आउँछ भन्या । बिहानै भगवान्को नाम लिनुपर्ने ठाउँमा दैत्यजस्तो द्रव्य पिचासहरुका नाम फलाक्छन् ।'

रमिला अचम्म पर्छिन्, 'फेरि के भो त ?'

'के हुनु नि, रातो घरले ठूलो माछा माऱ्यो रे !'

'ठूलो माछा ! के भन्या त्यो ?'

हस्तबहादुर हाँस्छन्, 'ल ठूलो माछा भनेको पनि थाहा छैन ? ठूलो माछा भनेको ठूला भ्रष्टाचारी । अकूत सम्पत्ति कुम्ल्याउने नवसामन्तहरु । हिजो खान नपाउने आज अर्बपतिको सूचीमा सूचीकृत भएका द्रव्य पिचासहरुलाई ठूलो माछा भन्न थाल्या छन् के !' 'काम कुरो एकातिर कुम्लो बोकी ठिमीतिर भन्याजस्तो साना माछा होस् कि ठूलो माछा होस् । सबै हात्तीका देखाउने दाँत त हुन् । भोलि पर्सी मेलमिलाप हो कि मिलेमतो के गरेर सबै सामसुम पार्छन् । अहिले नौटंकी गर्छन् । ल लिनुस् यो च्या ।'

हस्तबहादुर जहान रमिलाले ल्याइदिएको चियाको गिलास फेदैमा समाउँछन् । बूढाको हात च्वास्स पोल्छ । 'हत्तेरिका, कस्तो तातो ! हात नै डाम्नेगरी पोल्यो ।'

'पोल्छ नि बुद्धि नपुऱ्याएपछि... स्टिलको गिलासमा तातो च्याँ छ भनेपछि ख्याल गर्नु पर्दैन ?' 'हो हो, तिमीले भनेको कुरा । कसलाई केले डाम्छ कसलाई केले डाम्छ । 'माकुने' लाई अख्तियारले डाम्यो । मलाई च्याको गिलासले डाम्यो ! ठीकै छ सब भागभोगको कुरा हो,' हस्तबहादुरले रमिलालाई समर्थन गरेजस्तो गरे ।

तर रमिलालाई हस्तबहादुरको कुरामा अलि चित्त बुझेन । उनले प्रतिउत्तर दिइहालिन्, 'आफू ढंग नपुऱ्याउने, उल्टो उल्टो काम गर्दै हिड्ने अनि भाग्यलाई दोष दिने यस्तो पनि हुन्छ कतै ?'

'ल ल भैगो, छाडिदेऊ । जे हुन्छ राम्रैका लागि हुन्छ ।' रमिलाले भनिन्, 'राम्रै त राम्रैका लागि त हुन्छ नि । देश बनाउने भनेर त्यत्रो पदमा पुगेर देश कंगाल बनाउनतिर लागेपछि के हुन्छ ? 'जस्तो कर्म उस्तै फल' !' 'तिमीले भनेको कुरा त ठीकै हो । तर, यो राजनीति हो । आज एउटाको पालो भोलि अर्कोको पालो । स्वार्थ अनुकूल चलिरहेका छन् । अब हेर्दै जाऊ, जो सत्तामा पुग्छ उसैले त्यो रातो घरको दुरुपयोग गरेर यसैगरी सबैलाई पोल्छन् ।'

ढोका छेउ पुगेकी रमिला फर्केर हस्तबहादुर नजिकै आउँछिन् । 'हैन हो बूढा, अब यी 'माकुने' साँच्चै नै जेल जान्छन् त ?'

'के को जानु नि ! कुरो मिलाइहाल्छन् नि । ऊ बेला शाही शासनका बेला पनि शाही आयोग गठन गरेर भ्रष्टाचारी भनेका व्यक्ति अहिले कहाँ छन् ? तिमी पनि त्यही आयोगतिर काम गरेकी हैनौ र ? उल्टो मलाई के सोध्छौ !'

'त्यसबेलाको अवस्था अर्कै थियो, अहिलेको अवस्था अर्कै छ ।' रमिलाले आफूले काम गरेको कार्यालयको बचाऊ गर्न खोज्छिन् । नगरुन् पनि किन, त्यही कार्यालयबाट अवकाश भएका कारण अहिलेसम्म पेन्सन बुझिरहेकी छिन् ।

'त्यस्तो केही होइन हेर । व्यवस्थामात्र फेरिएको हो । अवस्था फेरिएको होइन नि । त्यो दारी केटो बढी बगबग नगरेको भए अहिले जेल जान्थ्यो र ? अहिले खड्गका खड्गो जागेका बेला 'माकुने' लाई माकुरा जालोमा पारेका छन् ।'

'पछि फेरि उनीहरु सत्ता पुग्छन् अनि खड्गको साँढे सात लाग्न सक्छ । यो त प्रतिष्ठाको लडाइँ हो । अब पालैपालो सबको पोल खुल्छ हेर्दै जाऊ । रवि, छविहुँदै 'माकुने'सम्म आइपुग्यो । अब अरुको पालो आउँछ । जो सत्तामा छ उसैले ठोक्ने हो पोल्ने हो । करार गर्ने हो । यही नजिर बस्छ । यो त अख्तियारका पासोमात्र हो । नासो अर्कैको छ ।'

'हुन त हो बूढा,' रमिला भन्छिन्, 'साँच्चिकै सम्पत्ति छानबिन र शुद्धीकरण गर्ने हो भने यहाँ सत्तामा पुगेका पदमा पुगेका कर्मचारीदेखि नेता सबै पोलिन्छन् ।'

हस्तबहादुरले भने, 'बल्ल सुरु भयो, यहाँ नखाएका पनि विष लागेको छ । खाएकाले ख्वाएर विषमुक्त गरेको पनि छ । 'माकुने' ले कति खाए वा खड्गहरु दूधले नुहाए भन्ने होइन । खड्गले सुरु गरे । अब बल्ल भ्रष्टहरुबीच लडाइँ सुरु भयो । पालैपालो सबले सबैलाई देखाइदिने प्रतिस्पर्धा चल्छ । रवि निस्कन्छन अनि अरुलाई जाक्छन्, 'माकुने' सफाइ पाउँछन् अनि गिरिबन्धु देखाउँछन् । यसैगरी चलिरहन्छ, अनि 'झोले'हरु खालि ताली बजाइरहन्छौं ।

आखिर देखाउने त अख्तियारको पासो नै हो नि !



**गर्मी छल्न पौडी** | महोत्तरीको जलेश्वर-२ मा अवस्थित स्वीमिङ पुलमा गर्मी छल्दै बालकहरू । तराई मधेसमा अहिले तापक्रम ४१/४२ डिग्रीसम्म पुगेकाले असहनीय गर्मी हुन थालेको छ । *तस्बिरः सञ्जीतकुमार मण्डल/रासस*

# हाई अल्टिच्युड तालिमबाट २४ राष्ट्रका ३३८ जना दीक्षित



**मुस्ताङ (प्रस)**– मुस्ताङको घरपझोङ गाउँपालिका-५ स्थित कैसाङमा रहेको सैनिक उच्चशिखर शिक्षालयमार्फत हालसम्म 'हाई अल्टिच्युड तथा माउन्टेन वारफायर' सम्बन्धी तालिम लिएका नेपालसहित २४ राष्ट्रका ३३८ सैनिक शिक्षार्थी दीक्षित भएका छन् ।

मुस्ताङमा बर्सेनि हाई अल्टिच्युड तथा माउन्टेन वारफायरसम्बन्धी आधारभूत तथा एडभान्स तालिम सञ्चालन हुने गरेको सैनिक जनसम्पर्क निर्देशानालय काठमाडौंले जनाएको छ । मुस्ताङमा हाई अल्टिच्युड तथा माउन्टेन वारफायर तालिम सञ्चालनका लागि नेपाली सेनाको जंगी अड्डाले २०३२ सालमा सैनिक उच्च शिखर शिक्षालय स्थापना गरेको थियो । स्थापनाको ५०औं वर्ष पूरा गरिसक्दा नेपालसहित विभिन्न राष्ट्रका करिब सात हजार जनाले आधारभूत तालिम प्राप्त गरिसकेको र दुई हजार ५०० जनाले हाई अल्टिच्युड तथा माउन्टेन वारफायरसम्बन्धी एडभान्स तालिम प्राप्त गरिसकेको सैनिक जनसम्पर्क निर्देशनालयका प्रवक्ता राजाराम बस्नेतले जानकारी दिए ।

नेपाली सेनाअन्तर्गत सैनिक उच्चशिखर शिक्षालय मुस्ताङबाट एडभान्स तालिम प्राप्त गरेका शिक्षार्थीमध्ये ५१ जनाले आठ हजार मिटरभन्दा माथिको हिमाल आरोहरण गरिसकेका छन् । प्रवक्ता बस्नेतका अनुसार मुस्ताङबाट हाई अल्टिच्युड तथा माउन्टेन वारफायर तालिम कोर्स पूरा गरेका शिक्षार्थीमध्ये हालसम्म २९ जनाले सगरमाथा हिमालको आरोहण गरिसकेका छन् । मुस्ताङमा एडभान्स तालिम कोर्सबाट दीक्षित शिक्षार्थीलाई हिमाल आरोहणका लागि उत्पादन गर्ने गरिएको छ ।

नेपाली सेनाले बर्सेनि यस प्रकारको आधारभूत तथा एडभान्स तालिम सञ्चालन गर्ने गरेको छ । यसप्रकारको आधार भूत तालिम कोर्स चार/पाँच महिनासम्म हुने र एडभान्स तालिम आवश्यकता तथा औचित्यताका आधारमा निर्धारण हुने सैनिक प्रवक्ता बस्नेतले बताए । नेपाली सेनाले पर्वतीय क्षेत्रअन्तर्गत मुस्ताङमा समुन्द्री सतहको दुई हजार ५०० मिटरको उचाइदेखि पाँच हजार ५०० मिटरको उचाइमा हाई अल्टिच्युड आधारभूत तथा एडभान्स तालिम सञ्चालन गर्ने गरेको छ । हिमाली तथा उच्च पहाडी युद्धकला, चट्टान कला, हिमकला, रिभर कलालगायत सैद्धान्तिक तथा प्रयोगात्मक अभ्यास तालिम दिइने गरिएको छ । नेपाली सेनाले तालिम अवधिमा वातावरण प्रदूषण घटाउन तथा जलवायु संकट न्यूनीकरण गर्ने उद्देश्यले हिमाल तथा पर्वतीय क्षेत्रमा भएका फोहोरमैलाकोसमेत व्यवस्थापन गर्ने गरेको छ । नेपाली सेनाले बर्सेनि सफा हिमाल अभियान सञ्चालन गर्ने गरेको छ ।

नेपाली सेनाअन्तर्गत सैनिक उच्च शिखर शिक्षालय मुस्ताङले बर्सेनि आधारभूत तालिम समापन भएलगत्तै एडभान्स तालिम सञ्चालन गर्ने गरेको छ । यस प्रकारको एडभान्स तालिममा नेपाली सेनाका शिक्षार्थीसहित विभिन्न मुलुकका शिक्षार्थी सहभागी हुने गरेका छन् । यसै प्रयोजनका लागि मुस्ताङमा जेठ ११ देखि सेनाको हाई अल्टिच्युड तथा माउन्टेन वारफायर तालिम कोर्स सञ्चालन भएको नेपाली सेनाले जनाएको छ । तालिममा देशभरका करिब १४० भन्दा बढी सैनिक शिक्षार्थी सहभागी भएका छन् । सोमबार जोमसोमस्थित कालीगण्डकी नदीमा बन्दोबस्तीका सामान प्रयोग गरी शिक्षार्थीलाई रिभर क्रसिङका विभिन्न विधाको अभ्यास प्रशिक्षण गराइएको प्रवक्ता बस्नेतले जानकारी दिए ।

# पाल्पाको रिमिघा लेकमा भेटियो यार्सागुम्बा

**तानसेन (पाल्पा)**– यहाँको रम्भा गाउँपालिका-२ फोक्सिङकोट र वडा नं ३ रिमिघा लेकमा यार्सागुम्बा भेटिएको छ । राष्ट्रिय विधि विज्ञान प्रयोगशाला खुमलटार, ललितपुरमा गरिएको परीक्षणका क्रममा बहुमूल्य जडीबुटी यार्सा नै भएको डिभिजन वन कार्यालय पाल्पाका प्रमुख नारायणदेव भट्टराईले जानकारी दिए ।

रिमिघा लेकमा गत साता यार्सागुम्बाजस्तै देखिने वस्तु फेला परेको थियो । उक्त क्षेत्रमा झाडी सरसफाइ गरी सुन्तलाको बिरुवा लगाउन खाल्डो खन्ने क्रममा यार्सागुम्बाजस्तै देखिने वस्तु फेला परेपछि त्यसको पुष्टि गर्न प्रयोगशाला पठाइएको थियो । गाउँपालिकाले उक्त क्षेत्रमा प्रवेश निषेध गरेको छ । पालिकाले सूचना नै निकालेर सो क्षेत्रमा प्रवेश निषेध गरेको हो ।

प्रयोगशालाको प्रतिवेदन आएपछि जिल्ला सुरक्षा समितिको बैठक बसेर यार्सा भेटिएको क्षेत्रमा अझै केही दिन सर्वसाधारणलाई प्रवेश निषेध गर्ने निर्णय भएको गाउँपालिका



अध्यक्ष विष्णुप्रसाद भण्डारीले जानकारी दिए । 'रिमिघा लेकमा यार्सा नै भएको प्रमाणित भएको छ,' प्रमुख जिल्ला अधिकारी तोयनारायण सुवेदीले भने, 'तर त्यो कस्तो प्रजातिको हो, साथै त्यसको मेडिसनल भेल्यु कति छ भन्ने यकीन भएको छैन ।' एक हजार ८०० मिटरको उचाइमा रहेको यस क्षेत्रमा यार्सा भेटिएको प्रमाणित भएपछि जिल्लावासी उत्साहित भएका छन् ।

हिमाली तथा उच्च पहाडी क्षेत्रमा विश्वकै बहुमूल्य औषधिजन्य बहुगुणयुक्त यार्सागुम्बा प्राकृतिक जडीबुटी हो । यार्सागुम्बा विश्वमा आपूर्तिको दृष्टिकोणले चीनपछि नेपाल दोस्रो स्थानमा रहेको बताइएको छ । यार्सागुम्बामा औषधिजन्य गुण अन्तरनिहित हुने हुँदा यसको प्रयोग शक्तिवर्द्धक, क्यान्सर, रक्तअल्पता, क्षयरोग, फोक्सोको संक्रमण, मिर्गौला, कलेजोसम्बन्धी, मुटु आदि रोगको औषधि बनाउन प्रयोग हुने जनाइएको छ । समुद्री सतहबाट तीन हजार ५०० मिटरदेखि पाँच हजार ५०० मिटरसम्मको उचाइमा यार्सागुम्बा पाइन्छ । आयुर्वेद चिकित्सकका अनुसार यो एक प्रकारको च्याउ तथा लार्भा अवस्थाको पुतलीको संयुक्त रूप हो । *रासस*

# भूकम्प र बाढीपहिरोले थिलथिलियो बिपी राजमार्ग

■ राजकुमार पराजुली



**काभ्रेपलाञ्चोक**– संघीय राजधानी काठमाडौंलाई पूर्वी नेपालसँग जोड्ने छोटो, एकमात्र वैकल्पिक र अत्यन्त महत्त्वपूर्ण सडकमार्गमा रहेको बिपी राजमार्गका सडकखण्ड अहिले थिलथिलो अवस्थामा पुगेको छ । उक्त राजमार्गको मध्यक्षेत्र भत्किएको र बगाएको तथा जोखिमपूर्ण अवस्थाबाट गुज्रिएको छ । वर्षायाममा केही भागमा क्षति पुऱ्याए पनि गत साल असोजमा भएको अविरल वर्षामा काभ्रेपलाञ्चोकको रोशी खोलामा आएको बाढीले राजमार्गका सडकखण्ड क्षतिग्रस्त बनाइदिएको छ ।

वि.सं. २०७२ को विनासकारी भूकम्पले केही सडकखण्ड क्षतिग्रस्त बनाएको थियो भने केही सडकखण्ड जोखिमकै अवस्थामा रहेका थिए । देशकै उत्कृष्ट मानिएको यो राजमार्ग जापान सरकारको आर्थिक तथा प्राविधिक सहयोगमा धुलिखेल-सिन्धुली-बर्दिवास १६० किलोमिटर लामो सडक बनेको हो । करिब २६ अर्ब रुपैयाँ बराबरको लागतमा खण्डखण्डमा निर्माण सम्पन्न यस राजमार्गले पूर्वी नेपाललाई राजधानीसँग सीधा जोडेको हो । यस राजमार्ग निर्माण सम्पन्न भएपछि पूर्व-पश्चिम राजमार्ग हुँदै नारायणघाट-मुग्लिन-काठमाडौं घुम्नुपर्ने झन्झट हटाइदिएको थियो ।

संघीय राजधानी काठमाडौंबाट बागमती प्रदेशअन्तर्गत अरनिको राजमार्गको धुलिखेलबाट सुरु भएको यस राजमार्ग मध्यपहाडीको हाल निर्माणाधीन पुष्पलाल रार्जमार्गसँगसमेत जोडिएको छ । तर, भूकम्पले केही दूरीका सडक भत्काएको यस मार्गलाई बाढीले थप क्षतिग्रस्त बनाएको हो । राजमार्गअन्तर्गत यस क्षेत्रमा पुल नबनेका भ्याकुरे, घ्याम्पे र रोशी खोला बारम्बार समस्या बन्दै आइरहेका छन् । वर्षा भएका बेला यी खोलाबाट आउने खहरे र बाढीले हरेक दिनजसो बाटो बन्द हुने अवस्था निम्तिएको छ ।

गत सालको वर्षाले काभ्रेपलाञ्चोकेको भकुण्डेबेंसीदेखि सिन्धुलीको नेपालथोकसम्म करिब ३० किलोमिटर सडकमा बाढीले नराम्रो क्षति पुऱ्याएको हो । विशेषगरी नेपालथोक-आँपटार, कालढुंगा, डालाबेंसी, चिउरीबास, एक नम्बर पुललगायतका ठाउँमा सयौं मिटर सडक बगाएको छ । त्यसबेला सानो खोलाले पनि डाइभर्सनसमेत बगाएको थियो । हाल वर्षायाम सुरु भइसकेकाले उक्त राजमार्गले कति ठूलो क्षति ब्यहोर्ला भन्नेमा अनुमान गर्न सकिएको छैन । काभ्रेपलाञ्चोकतर्फको नार्केबजार, चौकीडाँडा, दाउन्ने, मास्ती खोला र बेंसीका सडकखण्ड पूर्णरूपमा बगाएको छ ।

गत सालको वर्षाले बगाएको सडकमा अस्थायी ट्र्याक खोलिएको भए पनि गत वैशाख अन्तिम साताको बाढीले फेरि डाइभर्सनलगायत अस्थायी सडक बगाएको छ । यस राजमार्गको क्षतिग्रस्त क्षेत्रको स्थायी पुनर्निर्माणका लागि आवश्यक प्रक्रिया अघि बढाइए पनि बर्खाको कारण काम अघि बढ्न सकेको छैन । अर्थ मन्त्रालयले स्रोत सुनिश्चित गर्दै साढे आठ अर्ब रुपैयाँको सहमति दिएको थियो । सडक विभागले तयारी पनि गरेको छ, तर वर्षात्ले काम सुरु गर्न मुस्किल बनाइरहेको छ । सडक विभागको अध्ययन प्रतिवेदनअनुसार करिब ३० किलोमिटरको पुनर्निर्माणमा मात्रै १० अर्ब रुपैयाँ लाग्ने छ । त्यसमध्ये पनि करिब आठ किलोमिटर सडक त पूरै कटान भएको छ, जहाँ नयाँ ट्र्याक बनाउनुपर्ने देखिन्छ । भौगोलिक जटिलता र बारम्बारको बाढीले काम झनै चुनौतीपूर्ण बन्दै गइरहेको छ ।

जापान सरकारको अन्तर ाष्ट्रिय सहयोग नियोग (जाइका) को प्राविधिक अध्ययनले बिपी राजमार्गमा १६ टनभन्दा माथिको सवारीसाधन सञ्चालन गर्न रोक लगाएको छ । तर व्यापारीले प्रशासनलाई प्रभावमा पारेर २५ टनसम्मका सवारीसाधन सञ्चालन गर्दै आइरहेका छन् । बिपी राजमार्गमा ट्रिपरले २५ टनसम्म गिट्टी बालुवा लिएर निर्वाधरूपमा सञ्चालन हुने गरे पनि नियम कार्यान्वयन गर्ने प्रहरी भने मूकदर्शक बन्ने गरेको देखिन्छ । बिपी राजमार्गको संरचना भत्काउने मुख्य कारकको रूपमा यस सडकमा सञ्चालन हुने ट्रिपर रहेका छन् । दैनिक यस सडकमा छ १०० भन्दा बढी ट्रिपर क्षमताभन्दा बढी भार लिएर सञ्चालन भइरहेका छन् । बेलाबखत प्रहरीले जाँच गरे पनि नियमितरूपमा अनुगमन हुन सकिरहेको छैन । यसको फाइदा ट्रिपर व्यवसायीले उठाउँदै आएका छन् । संगठित रूपमा ट्रिपर सञ्चालक र क्रसर व्यवसायीले स्थानीय प्रशासनलाई प्रभाव पार्दै बिपी राजमार्गको संरचनालाई जोखिममा पारिरहेका छन् ।

जिल्ला ट्राफिक प्रहरी कार्यालय काभ्रेपलाञ्चोकका अनुसार हाल बिपी राजमार्गमा साना-ठूला गरी दैनिक तीन हजारभदा बढी सवारीसाधन आवतजावत गर्ने गरेका छन् । मुग्लिन-नारायणगढ सडकखण्ड अवरुद्ध हुँदा पूर्वबाट आउने अधिकांश साना सवार ीसाधन बिपी राजमार्गहुँदै सञ्चालन हुने गरेका छन् । यस सडकमा ट्रिपर, मिनी बस, टाटासुमो र माइक्रो बस बढी सञ्चालन हुने गरेका छन् ।

यसैबीच गत असोज दोस्रो साता रोशी खोलाको बाढीले बिपी राजमार्गको क्षतिग्रस्त सडकखण्ड चार खण्डमा पुनर्निर्माण हुने भएको छ । डिभिजन सडक कार्यालय भक्तपुरले राजमार्गअन्तर्गत क्षति पुगेको काभ्रेपलाञ्चोकको नमोबुद्ध नगरपालिकाको चौकीडाँडादेखि सिन्धुलीकोबर्खेखोलासम्मकोसडकलाई चारखण्डमा पुनर्निर्माण गर्ने जनाएको हो । कार्यालयका अनुसार क्षतिग्रस्त सडकखण्डमध्ये नेपाल सरकारको लागतमा तीन खण्डको पुनर्निर्माण गरिने छ । यस्तै एक खण्ड पुनर्निर्माणका लागि जापान सरकारलाई अनुरोध गरिएपछि सकारात्मक देखिएको कार्यालयले जनाएको छ । काभ्रेपलाञ्चोकतर्फको तीन खण्डमध्ये दुई खण्ड र सिन्धुलीतर्फको एक खण्डका लागि बोलपत्र आह्वान गरिसकिएको छ । क्षतिग्रस्त सडकखण्ड पुनर्निर्माण गर्दा साविककै सडक ट्र्याकबाटै सडक पुनर्निर्माण गरिने कार्यालयले जनाएको छ ।

काभ्रेपलाञ्चोकतर्फ भकुण्डेबेंसीदेखि चारसयबैंसीसम्मको करिब ११ किलोमिटर सडक र डालाबैंसीदेखि चार सय बैंसीसम्मको ८.५ किलोमिटर सडक तथा सिन्धुलीतर्फ बर्खेखोलादेखि नेपालथोकसम्मको चार किलोमिटर सडकखण्ड पुनर्निर्माणका लागि बोलपत्रको सूचना प्रकाशित भइसकेको डिभिजन प्रमुख सिनियर डिभिजनल इन्जिनियर सुमन योगेशले जानकारी दिए । उनका अनुसार बिपी राजमार्ग क्षतिग्रस्त सडकखण्ड पुनर्निर्माणका लागि नेपाल सरकारबाट आठ अर्ब ५० करोड रुपैयाँ बजेट सुनिश्चित भएको छ । त्यस बजेटमध्येबाट काभ्रेपलाञ्चोकतर्फको तीन खण्डका लागि सात अर्ब ५० करोड रुपैयाँ र सिन्धुलीतर्फको खण्डका लागि एक अर्ब रुपैयाँले सडकको स्थायी पुनर्निर्माण गरिने छ ।

बर्खेखोलादेखि डालाबैंसीसम्मको ५.५ किलोमिटर सडक पुनर्निर्माणका लागि भने जाइकासँग छलफल भएअनुसार जाइकाले स्थलगत अध्ययन गरिरहेकाले यस सडकखण्ड पुनर्निर्माणका लागि जापान सरकार करिब तयारजस्तै देखिएको इन्जिनियर योगेशले बताए । 'यस सडकखण्डमा साना टनेल बनाउने, भायाडक्ट (अग्ला पुल) बनाउने खालका नयाँ काम हुनसक्ने देखिन्छ, यसका लागि जाइकासँग छलफल चलिरहेको छ, हालको अवस्था हेर्दा जाइकाले चासो दिइरहेकाले हामीले यस खण्डको बोलपत्र निकाल्न कुरेका हौं,' उनले भने ।

यस सडकखण्डका सानासाना मोडलाई सीधा बनाउन ५०० मिटरसम्मका छोटा टनेल (सुरुङमार्ग) बनाउन सकिने उनको भनाइ छ । उनले सूचना प्रकाशित गरिएका सडकखण्डको पुनर्निर्माण गर्न जेठ पहिलो सातासम्म सम्झौता गर्ने लक्ष्य राखिएको बताए । यस्तै क्षतिग्रस्त राजमार्ग पुनर्निर्माण गर्दा इन्टरमिडियट लेनबाट कम्तीमा दुईवटा गाडी सहजरूपमा गुड्ने गरी सात मिटर चौडाइको कालोपत्रे भएको र अर्को रोशीखोलामा बाढी आउँदा बाढीले खोल्नसक्ने नदीको सतहभन्दा तलबाट आरसिसी पर्खाल लगाएर सडक निर्माण गरिने जनाइएको छ । कार्यालयले पहिलो चरणमा भकुण्डेदेखि नेपालथोकसम्मको २८ किलोमिटर सडक दुई लेनको बनाउने छ ।

हाल बिपी राजमार्गको यस सडकखण्डमा आउँदो मनसुनको समयमा यातायात सञ्चालन गराउन कार्यालयले अस्थायी सडकको उचाइ बढाउने काम गरिरहेको छ । योगेशले दैनिक विभिन्न ३७ उपकरण परिचालन गरेर अस्थायी सडक मर्मत भइरहेको बताए । वर्षायाममा सवारी सञ्चालन गर्न खोलाको बहाव परिवर्तनका साथै खोलाकै निर्माण सामग्रीबाट सडकलाई तीनदेखि सात मिटरसम्म अग्लो बनाइरहेको उनको भनाइ छ ।

यसैबीच बीपी राजमार्गको डालाबेसी-बर्खेखोला ५.५ किलोमिटर सडक पुनर्निर्माणका लागि जाइकाले डिजाइन थालेको छ । सरकारले चारवटा प्याकेज बनाएर निर्माण गर्ने प्रक्रिया थालेपछि चारमध्ये एक खण्ड जाइकाले डिजाइन थालेको हो । सडक विभागका इन्जिनियर शुभराज न्यौपानेका अनुसार जाइकाले डिजाइन गर्दै गरेको खण्डबारे उसैले निर्माण गर्ने/नगर्नेबारे टुंगो भने लागेको छैन । यसअघि बाढीले क्षति पुगेपछि पनि जाइकाको टोलीले क्षतिग्रस्त राजमार्गको अध्ययनसमेत गरेको थियो । जाइकाले अध्ययन गरे पनि क्षतिग्रस्त सडकखढड पुनर्निर्माण गर्नेबारे कुनै प्रतिक्रिया नदिएपछि हाल सरकारले चार प्याकेज बनाएर तीन खण्डको ठेक्का आह्वान गरिसकेको हो ।

जापान सरकारको अनुदान सहयोगमा आर्थिक वर्ष २०५३/५४ बाट विपी राजमार्ग (धुलिखेल-सिन्धुली-बर्दिवास १६० किलोमिटर सडक) निर्माण कार्य सुरु गरिएको थियो । खण्डखण्ड विभाजन गरी निर्माण सम्पन्न राजमार्गको २०७२ असार १८ गते औपचारिकरूपमा जापान सरकारले नेपाल सरकारलाई हस्तान्तरण गरेको थियो । *रासस*


**काठ बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना**

*प्रथम पटक सूचना प्रकाशन मिति २०८२/०२/२७ गते*

यस सामुदायिक वन उपभोक्ता समूहबाट आ.व.०८१/८२ मा खयर रुखहरुबाट सङ्कलन भएको खयर प्रजातिको गोलिया २४३.८९ क्यू.फि.काठ (स्यापउड सहित) लिलाम बिक्री गर्नु परेकोले यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र सिलवन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । थप जानकारीको लागि यस समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

**श्री खहरेखोला सा.व.उ.स., रामपुर-८, पाल्पा ।**

**नेपाल सरकार**
**गृह मन्त्रालय**
**कारागार ब्यवस्थापन विभाग**
**कारागार कार्यालय मलंगवा, सर्लाही**
**दरभाउपत्र स्वीकृतिको आशय सम्बन्धि सूचना**

प्रकाशन मिति : २०८२/०२/२७

यस कार्यालयवाट प्रकाशित सार्वजनिक सूचना बमोजिम म्यादभित्र रितपूर्वक प्राप्त हुन आएका दरभाउपत्रहरु मध्ये तपसिल बमोजिमको दरभाउपत्र न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही देखिएको हुँदा उक्त दरभाउपत्र स्वीकृतिको लागि छनौट भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) र (३) को प्रयोजनार्थ सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| S. N. | Contract No. | Description of Work | Name and address of bidder | Bid amount (w/o VAT) |
|---|---|---|---|---|
| 1 | POS/Malangwa /Works/SQ/01-2081/82 | Maintenance work of Boundary wall and Toilet block at Jail Office Malangwa, Sarlahi. | Sambala Construction Pvt. Ltd,Nijgadh-9 Bara | 13,39,383.60 |

**कार्यालय प्रमुख**

रूपशाला

**'बाचा बन्धन' जेठ ३१ देखि प्रसारणमा**

टेलिसिरियल 'बाचा बन्धन' यही जेठ ३१ गते शनिबारदेखि प्रसारणमा आउने भएको छ । ओएसआर डिजिटलबाट प्रसारण हुने यस टेलिसिरियलमा अघिल्लो र वर्तमान पुस्ताको प्रेमकथा देख्न पाइनेछ । यसका लेखक तथा निर्देशक यज्ञजंग विक (आयुष) हुन् । टेलिसिरियलको ट्रेलरसमेत सार्वजनिक भएको छ, जसमा कुसुम शर्मा, सरिता ढुङ्गाना, प्रशान्त बुढाथोकी, हेमराज घर्ती, विशाल पहाडी, रश्मी भट्ट, सुवास गजुरेललगायत कलाकारको अभिनय छ ।





# 'एट द टिपिङ पोइन्टः आर्ट एण्ड इकोलोजी फ्रम द रूफटप अफ द वर्ल्ड' सुरू





■ प्रभाव संवाददाता

**काठमाडौं–** काठमाडौंस्थित तारागाँउ नेक्सट परिसरमा विश्व वातावरण दिवसको अवसर पारेर 'एट द टिपिङ पोइन्टः आर्ट एण्ड इकोलोजी फ्रम द रूफटप अफ द वर्ल्ड' नामक प्रदर्शनी सुरु भएको छ । प्रदर्शनीमा शुक्रबारबाट सर्वसाधारणको अवलोकनका लागि खुल्ला गरिएको छ ।

कला र वातावरणीय चेतनको संगमका रुपमा प्रस्तुत गरिएको यो प्रदर्शन सगरमाथा नेक्स्टले गरेको हो । सर्राफ फाउन्डेसनको सहकार्यमा आयोजना गरिएको प्रदर्शनीको ख्यातिप्राप्त भारतीय कला इतिहासकार डा. अर्शिया लोखान्डवालाले संयोजन गरेकी हुन् । उनले विश्वव्यापी पारिस्थितीको आवश्यकतालाई मध्यनजर गर्दै प्रदर्शनी आयोजना गरिएको जानकारी दिइन् । उनका अनुसार प्रदर्शनीमा प्रकृतिमा परेको प्रभावलाई विभिन्न माध्यमबाट चित्रित गरिएको छ । तीन महिनासम्म चल्ने प्रदर्शनीमा श्रष्टाले विभिन्न माध्यमबाट आफ्नो कला यस प्रदर्शनीमा व्यक्त गर्नेछन् ।

प्रदर्शनीमा कलाकार सलिल सुवेदीको टोलीले 'अर्थ इमर्जेन्स' नामक विशेष लाइभ प्रस्तुति दिएका थिए । शरिरमा रातो माटो पोतेर भुमिसँग साक्षात्कार गरिएको प्रदर्शनीले मानव र माटोको सम्बन्धलाई उजागर गर्छ । उनको प्रदर्शनी उत्तर–उपनिवेशवादी चिन्तक गायत्री चक्रवर्ती स्पिवाकको 'प्लानेटरिटी' विचारमा आधारित छ ।

विश्व औसतभन्दा झण्डै दोब्बर गतिको तापक्रम वृद्धिको सामना गरिरहेको हिमालय क्षेत्रको यथार्थमाथि केन्द्रित यो प्रदर्शनीले जलवायु परिवर्तन, सांस्कृतिक चेतना, स्वदेशी ज्ञान र वैज्ञानिक दृष्टिकोणलाई समेट्दै समकालीन कलाको माध्यमबाट पृथ्वीप्रतिको सम्बन्ध पुनः परिभाषित गराउने उद्देश्य राखेको छ । १२ जना अन्तर्राष्ट्रिय तथा नेपाली कलाकारहरूले यस प्रदर्शनीमा आ–आफ्ना विशिष्ट सिर्जनामार्फत वातावरणीय संकटमाथि विविध दृष्टिकोण प्रस्तुत गर्नेछन् ।

प्रदर्शनीमा स्वालबार्डको हिम क्षेत्रमा खिचिएको हिमाली सिंह सोइनको कवितामूलक भिडियोले उपनिवेशवाद, जलवायु परिवर्तन र असफल उत्खननमाथि प्रश्न उठाउनेछ भने उर्सुला बिमान्नले कोलम्बियाको इन्गा समुदायसँगको सहकार्यमा बनाएको ' फरेस्ट माइन्ड' भिडियो निबन्धले जंगललाई चेतनशील ज्ञानको स्रोतका रूपमा व्यक्त गरेको छ । यसैगरी उत्सा हजारिकाको ' यन्त्र–ब्लुम' जीवित मूर्तिकलाले दिल्लीको सम्राट यन्त्र स्यान्डायललाई चमेलीका फूलमार्फत नयाँ दिने प्रयास गरेको छ ।

त्यस्तै मक्सुद अली मण्डलको 'फङ्गल ह्याबिट्याट'ले च्याउ, माटो र काठको संयोजनमा बन्ने आत्मविकासशील मूर्तिकला प्रस्तुत गर्छ भने नेपाली कलाकार समयुक्ता भण्डारीको 'एकोज अफ सर्भाइवल'ले शहरीकरणबीच हराउँदै गएका भँगेराको आवाजलाई प्रविधि र ध्वनि मार्फत प्रतिविम्वित गराउने जमर्को गरेको छ ।

यस्तै अमित माछामासीले भक्तपुरको हराउँदै गएको कृषियोग्य भू–परिवर्तनलाई तीनवटा फोटोग्राफिक श्रृंखलामार्फत प्रस्तुत गरिरहेका छन् । प्रदर्शनीकी अर्की सहभागी मोनिका उर्सिना जेगरले 'लिक्विड टाइम'मार्फत पहाडको ढुंगाबाट बालुवा हुँदै कंक्रिट निर्माणसम्मको चक्रलाई आलोचनात्मक रूपमा प्रस्तुत गर्छ भने जोआना मोलको '४००४' ले माइक्रोचिप निर्माण प्रक्रियाले कीराको जनसंख्यामा आइरहेको गिरावटलाई डिजिटल रुपमा देखाइएको छ ।

क्रिस जोर्डनले समुद्री प्लास्टिक प्रदूषणका कारण मरेका अल्बाट्रस चराको बच्चाहरूको तस्बिर र चलचित्र प्रस्तुत गरिरहेका छन् ।

सौर्गङ्गा दर्शनधारीको नेवार समुदायको योमरी चाडसँग सम्बन्धित मूर्तिकलाले खाद्य संस्कृति र पारिस्थितिक सन्तुलनसँग जोड्ने काम गर्छ भने रोबर्टिना शेबजानिकले द एटलान्टिक टेल्स् एण्डको सोनिक मार्फत साउन्ड इन्स्टलेसन गर्दै वातावरणीय ह्रासको अदृश्य पक्ष प्रस्तुत गरेका छन् । त्यसैगरी मोनिका उर्सिना जेगर, जोआना मोल, सौर्गङ्गा दर्शनधारीका सिर्जनाहरू विशेष प्रस्तुतिका रुपमा समावेश भएका छन् । प्रदर्शनीले आर्कटिकदेखि एन्डिजसम्म, नेपालको खेतबारीदेखि डिजिटल क्लाउडसम्म फैलिएको संसारलाई एउटै कलात्मक फ्रेममा बाँधेर पेस गर्ने काम गरेको छ ।

# 'एक्लो'मा यस्तो छ सुनिल र एवनको क्यारेक्टर लुक्स




■ प्रभाव संवाददाता

**काठमाडौं–** फिल्म 'एक्लो' ले अभिनेता सुनिल थापा र एवन राज उप्रेतीको क्यारेक्टर लुक्स बाहिर ल्याएको छ । निर्माण युनिटले फिल्मको दुई फरक फरक पोस्टरमार्फत चरित्र लुक्स बाहिर ल्याएको हो ।

यसअघि फिल्मका कलाकार प्रदीप खड्का, विजय लामा, दिया पुन, बेनिशा हमाल, कविता नेपाली, सुरज सिंह ठकुरी, जेमी बेकनको क्यारेक्टर पोस्टर सार्वजनिक भएका थिए । साइन्स फिक्सनमा आधारित रहेर निर्माण भइरहेको फिल्म प्रदीप शाहीले निर्देशन गरेका हुन् । शाहीको यो तेस्रो निर्देशकीय फिल्म हो ।

हाल फिल्मको लन्डनमा पोस्ट प्रोडक्सनको कार्य भइरहेको छ । केही हप्ताअघि मात्र फिल्म 'एक्लो' ले कान्समा स्टल राखेर मार्केटिङ गरेको थियो । कान्सपछि 'एक्लो' को चर्चा बढेको छ ।

फिल्ममा प्रदीप खड्का, विजय लामा, सुनिल थापा, दिया पुन, बेनिशा हमाल, दिनेश डीसी, कविता नेपाली, सुरज सिंह ठकुरी, एवनराज उप्रेती,त्रिचु राई, कृष्णभक्त महर्जन, विकास अधिकारी, दिग्गज खत्री, विनोद सुवेदी 'क्षितिज', श्रीशेष श्रेष्ठ र बाल कलाकार जेमिन श्रेष्ठ र स्योन सविक सिंह लगायत बेलायती अभिनेता जेमी बेकनको अभिनय रहेको छ ।

फिल्मको प्रदर्शन मिति तोक्न बाँकी छ । फिल्मका निर्माता राजुकुमार गुरुङ, हरि श्रेष्ठ, विष्णु तामाङ, उत्सव विष्ट, भाइराजा थापा, नवीन सिवा, बागवीर पुन हुन् भने कार्यकारी निर्माता विनोद सुवेदी 'क्षितिज' रहेका छन् ।

रंगशाला

# प्रचण्ड कप भलिबलको तयारी पूरा, उद्घाटनमा प्रवेश निःशुल्क

■ प्रभाव संवाददाता




**पोखरा–** प्रचण्ड कप राष्ट्रिय महिला भलिबल प्रतियोगिताको सम्पुर्ण तयारी पुरा भएको छ । आयोजक नेश्नल स्पोर्ट्स एकेडेमीले सोमबार पोखरा रंगशालामा पत्रकार सम्मेलनको आयोजना गरेर प्रतियोगिताको सम्पुर्ण तयारी पुरा भएको जनाएको हो ।

आयोजक संस्थाका अध्यक्ष दिपक कोईरालाले जेठ ३१ गतेसम्म चल्ने प्रतियोगिताको तयारी पुरा भएको जानकारी दिए । प्रतियोगिताको पूर्व प्रधानमन्त्री एवं नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले मंगलबार दिउँसो एक समारोहका बीच उद्घाटन गर्नेछन् । प्रतियोगितामा नयाँ टोली स्टेप रामपुरलाई सहभागी गराईएको छ । विभागीय टिम आर्मीले सहभागी हुन नसक्ने जनाएपछि रामपुरलाई अवसर प्रदान गरिएको आयोजकले जनाएको छ ।

प्रतियोगितामा रामपुर सहित न्युडायमण्ड स्पोर्ट्स क्लब, गण्डकी प्रदेश, एभरेष्ट भलिबल क्लब, नेपाल पुलिस क्लब र शसस्त्र प्रहरी बलको एपीएफ क्लबले उपाधिका लागि प्रतिस्पर्धा गर्नेछन् ।

राउण्ड रोबिन लिगका आधारमा सञ्चालन हुने प्रतियोगिताको विजेताले ६ लाख रुपैयाँ, उपविजेताले ३ लाख रुपैयाँ र तेस्रो हुने टिमले एक लाख रुपैयाँ प्राप्त गर्नेछन् भने सर्वोत्कृष्ट खेलाडीले ३० हजार र विधागततर्फका उत्कृष्ट खेलाडीले जनही २० हजार रुपैयाँ प्राप्त गर्ने आयोजकले जनाएको छ ।

प्रतियोगिताको लिग चरणका खेल हेर्न २ सय र फाइनल दिनको खेल हेर्न ४ सय रुपैयाँ टिकटको व्यवस्था गरिएको छ । उद्घाटन दिनमा दर्शकलाई निशुल्क प्रवेशको व्यवस्था गरिएको अध्यक्ष कोईरालाले बताए । पत्रकार सम्मेलनमा कोईरालाले नीजि तथा सरकारी क्षेत्रको सहयोगमा कार्यक्रमको आर्थिक पक्षलाई व्यवस्थापन गरिएको जानकारी दिए । प्रतियोगितामा अखिल नेपाल खेलकुद महासंघ समेत आयोजकको रुपमा जोडिएको छ भने राष्ट्रिय खेलकुद परिषद् र नेपाल भलिबल संघले प्रतियोगितालाई स्वीकृति प्रदान गरेका छन् ।

# अनुजा र चाँदनीलाई दोहोरो स्वर्ण

**काठमाडौं (प्रस)–** लुम्बिनी प्रदेश यु–१४ राष्ट्रिय विद्यालय खेलकुदअन्तर्गत एथलेटिक्समा सोमबार च्याम्पियन बनेको छ । लुम्बिनी सर्वाधिक ४ स्वर्ण जित्दै च्याम्पियन बन्यो ।

राष्ट्रिय खेलकुद परिषद् (राखेप) को आयोजनामा भएको प्रतियोगितामा कर्णाली प्रदेश २ स्वर्ण र ५ रजतसाथ दोस्रो भयो । गण्डकी प्रदेश र मधेश प्रदेश समान २ स्वर्ण, १ रजत र १ कांस्यसाथ संयुक्त रूपमा तेस्रो भए । १२ स्वर्णका लागि प्रतिस्पर्धा भएकोमा बाग्मती प्रदेश र सुदूरपश्चिम प्रदेशले समान १–१ स्वर्ण जिते । त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा दोस्रो तथा अन्तिम दिन छात्र/छात्रामा समान ३–३ गरी ६ स्वर्णका लागि प्रतिस्पर्धा भएको थियो । छात्र २ सय मिटरमा गण्डकीका हेमराज चौधरी पहिलो भए । उनले निर्धारित दूरी २४.९ सेकेन्डमा पूरा गरे । मधेशका आयुश चौधरी दोस्रो तथा कोशीका नितेश भट्टराई तेस्रो भए । सोही स्पर्धाको छात्रामा लुम्बिनीकी अनुजा थारु चौधरी पहिलो भइन् ।

अनुजाले निर्धारित दूरी तय गर्न ३१.४ सेकेन्ड समय खर्चिन् । कोशीकी अस्मिता लाम्गाडे दोस्रो तथा मधेशकी वर्षा योञ्जन तेस्रो बने । नेपालय इन्टरनेसनल म्यानेजमेन्ट प्रा.लि. को सह–आयोजना तथा नेपाल विद्यालय खेलकुद महासंघको संयोजनमा भएको प्रतियोगिताको छात्र ८ सय मिटर दौडमा बागमतीका हस्त सुनारले स्वर्ण जिते ।

उनले २ मिनेट ०७.४ सेकेन्ड समय निकाले । कर्णालीका विवेक बोगटीले रजत तथा कोशी नितेश भट्टराईले कांस्य हात पारे । उक्त स्पर्धाको छात्रामा लुम्बिनीकी चाँदनी पासी २ मिनेट ४७.३ सेकेन्ड समयसाथ शीर्ष स्थानमा रहिन् ।

आइसिसी क्रिकेट विश्वकप लिग–२

# नेपाल र नेदरल्याण्ड्स आज भिड्दै

■ प्रभाव संवाददाता




**काठमाडौं–** आइसिसी क्रिकेट विश्वकप लिग–२ अन्तर्गत त्रिकोणात्मक एकदिवसीय शृंखलाको अन्तिम खेलमा नेपालले आज (मंगलबार) नेदरल्याण्ड्सँग भिड्दैछ । स्कटल्याण्डमा जारी तीन देशबीचको खेलमा नेपालले हालसम्म ३ खेल खेलेकोमा २ मा जित र एकमा हार ब्यहोरेको छ । नेपालले स्कटल्याण्डसँग खेलेका दुई खेलमध्ये १ मा जित र एकमा हार ब्यहोरेको थियो भने यसअघि नेदरल्याण्ड्सलाई पराजित गरेको थियो ।

यसअघि आइतबार राती सम्पन्न खेलमा स्कटल्यान्डको डुन्डेस्थित फोर्टहिल क्रिकेट मैदानमा आइतबार सम्पन्न खेलमा नेपाल घरेलु टोलीसँग दुई रनले पराजित भएको हो । ३२४ रनको विशाल लक्ष्य पछ्याएको नेपाल निर्धारित ५० ओभरमा ३२१ रनमा समेटियो ।

नेपालका लागि भीम सार्कीले सर्वाधिक ७३ रनको योगदान दिए । उनले ८५ बलमा ८ चौकाको सहयोगमा ७३ रनको अर्धशतकीय इनिङ खेलेका हुन् । भीमले आरिफ शेखसँग मिलेर ९४ रनको साझेदारी गरे । शेख ५५ बलमा ५ चौकाको सहयोगमा ३९ रनमा आउट भए ।

त्यसैगरी उपकप्तान दीपेन्द्रसिंह ऐरीले ५१ बलमा २ चौकाको सहयोगमा ५६ रन जोडे । उनले सातौं विकेटका लागि सोमपाल कामीसँग मिलेर १०५ रनको महत्त्वपूर्ण साझेदारी गरे । सोमपाल ४४ बलमा ३ चौका र ४ छक्काको सहयोगमा ६७ रनमा आउट भए ।

स्कटल्यान्डका म्याकेन्जी जोन्सले तीन विकेट लिए भने शफिया शरिफ र माइकल लिस्कले २–२ विकेट लिए । त्यसैगरी ब्रान्डन म्याकमुलेन र चार्ली कासेलले समान १–१ विकेट लिए । त्यसअघि टस जितेर पहिला ब्याटिङ रोजेको स्कटल्यान्डले निर्धारित ५० ओभरमा ६ विकेट गुमाउँदै ३२३ रनको योगफल बनाएको थियो ।

स्कटल्यान्डका लागि रिची बेरिङ्टनले ११४ बलमा ६ चौका र चार छक्काको मद्दतले सर्वाधिक १०२ रनको योगदान गरे । माइलक लिस्कले ६२ बलमा १२ चौका र तीन छक्कासहित ९६ रनमा अविजित रहे । यसैगरी चार्ली टियरले ६५ बलमा ९ चौकाको मद्दतले ६८, मार्क वाटले अविजित २१ र फिनले म्याकक्रियाथले १७ रन बनाए । नेपालका लागि करण केसी र दीपेन्द्रसिंह ऐरीले समान दुई दुई तथा ललितनारायण राजवंशीले एक विकेट लिए ।

**धनपालथान गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**सोराभाग, मोरङ**

**कोशी प्रदेश, नेपाल**

कोशी प्रदेश पर्यटन वर्ष २०८२

**विद्युतीय बोलपत्र रद्द गरिएको सूचना**

प्रकाशन मिति : २०८१/०२/२७ गते

प्रस्तुत विषयमा यस कार्यालयको चालु आ.व. २०८१/०८२ को स्वीकृत कार्यक्रम अन्तर्गत तपसिल बमोजिमको E–Bidding (विद्युतीय बोलपत्र) मिति २०८२/०२/२१ गतेको निर्णयानुसार रद्द गरिएको व्यहोरा सम्वन्धित सरोकारवालाहरुलाई जानकारी गराइन्छ ।

**तपसिल**

| क्र.सं. | ठेक्काको नाम र ठेक्का नं. | ठेक्काको विवरण | बोलपत्र पेश गर्ने प्रक्रिया | कैफियत |
|---|---|---|---|---|
| १. | DPTRM/SBG/NCB/ WORKS-21/081/082 | आपूर्ति तथा जडान | E-Bidding | ठेक्का रद्द गरिएको |

# ट्रम्पको यात्रा प्रतिबन्धः १२ देशका नागरिकलाई अमेरिकामा प्रवेशमा रोक

वासिङ्टन- अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको व्यापक नयाँ यात्रा प्रतिबन्ध सोमबार मध्यरातपछि तुरुन्तै लागू भएको छ। यसले एक दर्जन देशका नागरिकलाई संयुक्त राज्य अमेरिकामा प्रवेश गर्न प्रतिबन्ध लगाएको छ र उनको पहिलो कार्यकालबाट विभाजनकारी उपायलाई पुनर्जीवित गरेको छ।

यो कदमले शरणार्थी मार्गहरूमा बाधा पु¥याउने र ट्रम्प प्रशासनले अवैध प्रवेशमाथिको कारबाहीलाई विस्तार गर्दै अध्यागमनलाई थप प्रतिबन्धित गर्ने अपेक्षा गरिएको छ । प्रतिबन्धले समेटेका इरान र अफगानिस्तानजस्ता धेरै राष्ट्रको संयुक्त राज्य अमेरिकासँग शत्रुतापूर्ण सम्बन्ध छ भने हाइटी र लिबियाजस्ता मुलुकले गम्भीर संकटको सामना गरिरहेका छन् ।



गत हप्ता आफ्नो प्रतिबन्धको घोषणा गर्दै ट्रम्पले कोलोराडोमा यहुदीहरूमाथि हालै भएको 'आतंकवादी आक्रमण' ले नयाँ उपायलाई उत्प्रेरित गरेको बताए। यो समूहले गाजामा बन्दी बनाइएका बन्धकहरूसँगको ऐक्यबद्धतामा विरोध गरिरहेको थियो भने उनीहरूलाई ह्वाइट हाउसले आफ्नो भिसा अवधि नाघेको भन्दै एक व्यक्तिले आक्रमण गरेको थियो ।

'त्यो आक्रमणले उचित जाँच नगरिएका वा भिसा अवधि नाघेका विदेशी नागरिकहरूको प्रवेशबाट हाम्रो देशमा उत्पन्न गरेको चरम खतराहरूलाई जोड दिएको छ,' ट्रम्पले भने ।

ह्वाइट हाउसका अनुसार अफगानिस्तान, म्यान्मा, चाड, कंगो-ब्राजाभिल, इक्वेटोरियल गिनी, इरिट्रिया, हाइटी, इरान, लिबिया, सोमालिया, सुडान र यमनका नागरिकहरूद्वारा संयुक्त राज्य अमेरिकाको सबै यात्रामा प्रतिबन्ध लगाइएको छ । ट्रम्पले बुरुण्डी, क्युबा, लाओस, सियरा लियोन, टोगो, तुर्कमेनिस्तान र भेनेजुएलाका यात्रुहरूमा पनि आंशिक प्रतिबन्ध लगाउनुभएको छ । ती देशबाट केही अस्थायी कार्य भिसाहरूलाई अनुमति दिइने छ । ट्रम्पले संसारभरि खतराहरू देखापर्दै गएअनुसार नयाँ मुलुक थप्न सकिने चेतावनी दिए ।

**विश्वकप, ओलम्पिक, कूटनीतिज्ञहरू बाहिर**

यो प्रतिबन्ध सन् २०२६ को विश्वकप वा सन् २०२८ मा लस एञ्जलसमा हुने ओलम्पिकमा प्रतिस्पर्धा गर्ने खेलाडीहरूमा लागू नहुने ट्रम्पको आदेशमा भनिएको छ । विश्वकप संयुक्त राज्य अमेरिकाले क्यानाडा र मेक्सिकोसँग सहआयोजना गर्दै छ । आदेश लक्षित देशका कूटनीतिज्ञहरूमा पनि लागू हुने छैन ।

संयुक्त राष्ट्रसंघका अधिकार प्रमुख भोल्कर टर्कले 'नयाँ यात्रा प्रतिबन्धको व्यापक र फराकिलो प्रकृतिले अन्तर्राष्ट्रिय कानुनको दृष्टिकोणबाट चिन्ता उत्पन्न गरेको' चेतावनी दिए । अमेरिकी डेमोक्रेटिक सांसद र निर्वाचित अधिकारीहरूले प्रतिबन्धलाई कठोर र असंवैधानिक भन्दै आलोचना गरेका छन्। 'मलाई ट्रम्पको क्रूर र विदेशविरोधी यात्रा प्रतिबन्धहरूले दिने पीडा थाहा छ किनभने मेरो परिवारले यसलाई प्रत्यक्ष महसुस गरेको छ,' इरानी-अमेरिकी सांसद यासामिन अन्सारीले आइतबार एक्समा भने, 'हामी यो प्रतिबन्धसँग हाम्रो सबै शक्तिले लड्नेछौं।'

कोलोराडो आक्रमणपछि नयाँ यात्रा प्रतिबन्धको अफवाह फैलिएको थियो । ट्रम्पको प्रशासनले भिसामा संयुक्त राज्य अमेरिकामा बसोबास गर्ने 'आतंककारीहरू' लाई पछ्याउने वाचा गरेको थियो। अमेरिकी अधिकारीहरूले अदालतको कागजातअनुसार संदिग्ध इजिप्टका नागरिक मोहम्मद साब्री सोलिमन अवैधरूपमा पर्यटक भिसामा बसेको तर सन् २०२२ सेप्टेम्बरमा शरणका लागि आवेदन दिएको बताएका छन् ।

ट्रम्पको नयाँ यात्रा प्रतिबन्धमा विशेषगरी इजिप्ट समावेश छैन । उनको घोषणाले तालिबान शासित अफगानिस्तान र युद्धग्रस्त लिबिया, सुडान, सोमालिया र यमनमा राहदानी प्रशोधन र जाँचका लागि 'सक्षम' केन्द्रीय अधिकारीहरूको अभाव रहेको बताएको छ । 'इरानलाई समावेश गरिएको थियो किनभने यो 'आतंकवादको राज्य प्रायोजक' हो,' आदेशमा भनिएको छ । अन्य देशका लागि ट्रम्पको आदेशले मानिसहरूले आफ्ना भिसाहरूको अवधि नाघ्ने औसतभन्दा बढी सम्भावनालाई उद्धृत गरेको छ । *रासस/एएफपी*

# 'गाजाको स्वास्थ्य सेवा प्रणाली पूर्ण पतनको संघारमा'

जेनेभा- रेड क्रसको अन्तर्राष्ट्रिय समिति (आइसिआरसी) ले डेढ वर्षभन्दा बढी समयदेखि प्यालेस्टिनीहरू विरुद्ध इजरायली कब्जाले गरेको नरसंहारको एक हिस्साका रूपमा गाजाको स्वास्थ्य सेवा प्रणाली पूर्णपतनको संघारमा रहेको चेतावनी दिएको छ ।

एक विज्ञप्ति जारी गर्दै आइसिआरसीले अधिकांश घाइते प्यालेस्टिनीहरू सहायता वितरण केन्द्रमा पुग्ने प्रयास गरिरहेको बताएको छ । आइसिआरसीले विगत केही दिनदेखि गाजामा सीमित स्रोत साधनकाबीच सञ्चालन भइरहेको केही अस्पताल वरपर आक्रमण बढेकाले स्वास्थ्य सेवा सुविधाहरूको संरक्षणका लागि थप ज्यान गुमाउनबाट जोगिन आह्वान गरेको छ ।

यसले चिकित्सक तथा स्वास्थ्य कर्मचारीहरूले जीवन बचाउन ठूलो चुनौतीको सामना गर्नुपरेको उल्लेख गर्दै उनीहरूको सुरक्षा र अस्पतालको सञ्चालन खतरामा पारेको कुरामा जोड दिएको छ । ठूलो संख्यामा घाइते बिरामीहरूको आगमनले मेडिकल स्टाफलाई थकित पारेको समितिले पुष्टि गरेको छ ।

पछिल्लो दुई हप्तामा रफाहको आइसिआरसी फिल्ड अस्पतालमा प्राप्त बिरामीहरूको संख्या ९१६ भन्दा बढी छ । तीमध्ये ४१ जनालाई आइपुगेपछि मृत घोषणा गरिएको थियो । *रासस/एएफपी*


**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको हकदावी सम्बन्धी ३५ दिने सूचना**

यस कार्यालयमा मिति २०७४/०४/०४ मा दर्ता भएको श्री **दरौंदी सेकुवा कर्नर प्रा. लि. (प्रा. लि. नं. १७११७६)** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिनभित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।



**पृथ्वी एग्रो फार्म (लिक्वीडेशन)**
**सम्बन्धमा हकदावी गर्न आउने बारे ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७८/१०/२४ मा प्रा.लि.नं. २८३३१९ मा दर्ता भएको पृथ्वी एग्रो फार्म मा मिति २०८२/०२/२६ मा सम्पन्न विशेष साधारणसभाको निर्णयले कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी (लिक्विडेसन)मा लैजाने निर्णय गरेकाले यस कम्पनीसँग कोही कसैको कुनै किसिमको लेनदेन वा बाँकी वक्यौता रहेको भए यो सूचना प्रकाशित गरिएको मितिले ३५ (पैतिस) दिन भित्रमा निम्न लिखित लिक्विडेटर कार्यालयमा हकदावी गर्न सम्वन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्विडेटर : कृष्ण कुमार सापकोटा (इजाजत नं.५२६)**
**का.म.न.पा.२९, अनामनगर, काठमाडौं, सम्पर्क नं.९८४१००१४४७**



**युएइमा रोजगार** कम्पनी : **ELJION FOR COSMETICS**

पूर्व स्वीकृति मिति : २०८२/०२/२५ | LT. No. 325357 | चलानी नं. ६०२३९२९७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | BEAUTICIAN/THERPIST | 0 | 3 | 1500 | ५६,०३८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : THE SPACE LADIES BEAUTY CENTRE -L.L.C

पूर्व स्वीकृति मिति : २०८२/०२/२५ | LT. No. 325356 | चलानी नं. ६०२३९२९६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | MANICURIST/NAIL TECHNICIAN | 0 | 1 | 1500 | ५६,०३८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार ३ गते (17th June 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Omega International Pvt. Ltd.
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337, E-mail : info@omeganepal.com, Website : www.omeganepal.com
Govt. License No. 1352/074/075



**कुवेतमा रोजगार** कम्पनी : **WOW CATERING COMPANY**

पूर्व स्वीकृति मिति : २०८२/०२/२५ | LT. No. 325341 | चलानी नं. ६०२३९३०७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver | 20 | 0 | 150 | ६७,१५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Waitress | 0 | 5 | 120 | ५३,७२५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार २ गते (16th June 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |



वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।



यो विज्ञापन LT No. 325341 मितिः २०८२/०२/२६ मा प्रकाशित हुनुपर्नेमा भूलबस छुट्न गएकोले आज प्रकाशित गरिएको व्यहोरा जानकारी गरिन्छ ।

INTERNATIONAL TRADE LINKS RECRUITMENT PVT. LTD.
(The Centre Overseas Pvt. Ltd.(THE CENTER OVERSEAS CONCERN PVT.LTD))
श्रम इजाजत नं. ०८५/०५३/०५४
Basundhara, Ktm, Nepal, Tel : +977-1-4985474, 4985586, Fax: +977-1-4385806



**युएइमा रोजगार** कम्पनी : **COSMO CENTER TRADING LLC**

पूर्व स्वीकृति मिति : २०८०/१२/१० | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०२/२६ | LT. No. 302423 | चलानी नं. ६०२१३११०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner/Warehouse Helper | 43 | 0 | 800 | २९,८७० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | sales officer/stall and market sales person/shop a | 45 | 38 | 1200 | ४४,८०५ | | | | | | | |
| 3 | Shop assistant/cashier | 0 | 70 | 1200 | ४४,८०५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार ३ गते (17th June 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |



वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।



BROTHERS INTERNATIONAL EMPLOYMENT PVT. LTD. (The Link For Recruitment Consultancy Pvt.ltd.)
LIC No. 615/063/64
Gongabu-26, Kathmandu, Nepal, Contact: +977 5919811 / 5919812, E-mail : info@biegroups.com, Web: www.biegroups.com



**कतारमा रोजगार** कम्पनी : **MULTIPLEX CLEANING AND CONTRACTING**

पूर्व स्वीकृति मिति : २०८१/०७/१३ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०२/२६ | LT. No. 312869 | चलानी नं. ६०२२७३२०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cashiers | 0 | 1 | 1700 | ६४,५८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | driver | 2 | 0 | 1700 | ६४,५८५ | | | | | | | |
| 3 | Foreman | 6 | 0 | 2500 | ९४,०९० | | | | | | | |
| 4 | General Cleaning Worker | 26 | 26 | 1000 | ३७,९९० | | | | | | | |
| 5 | Helper | 1 | 0 | 1000 | ३७,९९० | | | | | | | |
| 6 | labor services | 4 | 0 | 1000 | ३७,९९० | | | | | | | |
| 7 | LABOURER (MALE) | 19 | 0 | 1000 | ३७,९९० | | | | | | | |
| 8 | Mason (Plaster & Block) | 8 | 0 | 1200 | ४५,५९० | | | | | | | |
| 9 | Supervisor | 3 | 0 | 2500 | ९४,०९० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार ३ गते (17th June 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |



वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।



JALAJALA RECRUITMENT PVT.LTD
श्रम इजाजत नं. १२२४/०७४/०७५
Samakhusi-29, Kathmandu, BAGMATI. Tel: 014950900, 014950257, E-mail: jalajalarecru2017@gmail.com


# जलवायु परिवर्तनले भारतीय किसानहरूमा बढायो आत्महत्याको जोखिम

**बिड (भारत)**- भारतको महाराष्ट्र राज्यको एउटा सानो खेतमा कुरा गर्दै मीराबाई खिण्डकरले खडेरीमा बाली खस्किएपछि र उनका पतिले आत्महत्या गरेपछि उनको जमिनले ऋणमात्रै उब्जाएको बताए ।

भारतमा किसान आत्महत्याको लामो इतिहास छ । भारतमा धेरैजसो किसान एक बाली फसल नष्ट भएपछि विपत्तिको नजिक पुग्छन् तर जलवायु परिवर्तनले ल्याएको चरम मौसमले नयाँ दबाब थपेको छ । पानीको अभाव, बाढी, बढ्दो तापक्रम र अनियमित वर्षाका कारण घट्दो उत्पादन, अशक्त ऋणले भारतको एक अर्ब ४० करोड जनसंख्याको ४५ प्रतिशतलाई रोजगारी दिने क्षेत्रमा ठूलो असर पारेको छ। तीन एकड (एक हेक्टर) सोयाबिन, कोदो र कपासको जग्गा चर्को गर्मीमा सुकेपछि मीराबाईका पति अमोललाई साहुकारहरूको ऋण लाग्यो। यो उनीहरूको खेतको वार्षिक आम्दानीको सयौं गुणा थियो। उनले गत वर्ष विष खाए ।



'जब उहाँ अस्पतालमा हुनुहुन्थ्यो, मैले सबै देवताहरूसँग उहाँलाई बचाउन प्रार्थना गरें,' ३० वर्षीया मीराबाईले गला अवरुद्ध पार्दै भनिन्। एक हप्तापछि अमोलको मृत्यु भयो । उनले मीराबाई र तीन सन्तान छोडे । उनीसँग मीराबाईको अन्तिम कुराकानी ऋणका बारेमा नै थियो। कुनै समय उर्वर खेतीयोग्य जमिनका लागि परिचित महाराष्ट्रको एक करोड ८० लाख जनसंख्या भएको मराठवाडाभरि तिनीहरूको व्यक्तिगत त्रासदी दैनिक रूपमा दोहोरिरहेको छ।

नयाँदिल्लीस्थित सेन्टर फर साइन्स एण्ड इनभायरोन्मेन्ट अनुसन्धान समूहका अनुसार गत वर्ष भारतभर चरम मौसमी घटनाहरूले ३२ लाख हेक्टर (७९ लाख एकड) बालीको भूमिलाई असर गऱ्यो । यो भनेको बेल्जियमभन्दा ठूलो क्षेत्र हो। त्यसको ६० प्रतिशतभन्दा बढी महाराष्ट्रमा थियो। 'गर्मी चरम हुन्छ र हामीले आवश्यक गरे पनि उत्पादन पर्याप्त हुँदैन,' अमोलका भाइ र सहकर्मी किसान बालाजी खिण्डकरले भने, 'खेतमा सिँचाइ गर्न पर्याप्त पानी छैन । ठिकसँग वर्षा हुँदैन ।'

भारतका कृषिमन्त्री शिवराज सिंह चौहानका अनुसार सन् २०२२ र २०२४ को बीचमा मराठवाडामा तीन हजार ९० किसानले आत्महत्या गरे। यो दैनिक औसत तीन जनाको हाराहारी हो । सरकारी तथ्यांकले किसानहरूलाई आत्महत्या गर्न उत्प्रेरित गरेको कुरा निर्दिष्ट गर्दैन, तर विश्लेषकहरूले धेरै सम्भावित कारकहरूलाई औंल्याएका छन् ।

'भारतमा किसान आत्महत्याहरू कृषिमा आम्दानी, लगानी र उत्पादकताको संकटको परिणाम हो,' टाटा इन्स्टिच्युट अफ सोशल साइन्सेसका विकास अध्ययनका प्राध्यापक आर रामकुमारले भने । धेरै भारतीय साना खेतहरूमा खेती धेरै हदसम्म शताब्दीयौंदेखि हुँदै आएको छ र सही समयमा सही मौसममा अत्यधिक निर्भर छ ।

'जलवायु परिवर्तन र यसको कमजोरी तथा परिवर्तनशीलताले गर्दा खेतीमा जोखिम बढाएको छ,' रामकुमारले भने, 'यसले बाली फसल नष्ट, अनिश्चितता निम्त्याइरहेको छ, जसले साना र सीमान्त किसानहरूको खेतीको अर्थशास्त्रलाई अझ कमजोर बनाएको छ ।'

चरम मौसमी घटनाहरूसँग सामना गर्न राम्रो बिमा योजनाहरू र कृषि अनुसन्धानमा लगानीका साथ सरकारले किसानहरूलाई सहयोग गर्नसक्ने उनले बताए । 'कृषि मनसुनसँग जुवा खेल्ने काम हुनु हुँदैन,' उनले भने । अनिश्चित मौसमको सामना गर्दै किसानहरू प्रायः मल वा सिँचाइ प्रणालीहरूमा लगानी गरेर घट्दो उत्पादनलाई रोक्न खोज्छन् । तर बैंकहरू यस्ता अनिश्चित ऋणीहरूलाई कर्जा दिन अनिच्छुक हुन सक्छन् ।

केहीले तुरुन्त नगद दिने तर अत्यधिक ब्याजदर लिने साहुकारहरूकहाँ फर्कन्छन् र बाली फसल नष्ट भए विपत्तिको जोखिम मोल्छन् । 'केवल खेतीले मात्र गुजारा चलाउन गाह्रो छ,' मीराबाईले आफ्नो घर बाहिर उभिएर प्याच-कपडाको पर्खाल भएको टिनको छत भएको झुपडीमा भनिन् । उनका पतिको ऋण आठ हजार डलरभन्दा बढी पुगेको थियो । कृषि गृहस्थीको औसत मासिक आम्दानी लगभग १२० डलरमात्र रहेको भारतमा यो ठूलो रकम हो । मीराबाईले अन्य खेतहरूमा मजदुरको काम गर्छिन् तर ऋण तिर्न सकिनन् । 'ऋणको किस्ताहरू थुप्रिँदै गए,' उनले भनिन्, 'खेतबाट केही आउँदैन ।' उनी आफ्ना बच्चाहरूले ठूला भएपछि खेती बाहिर काम खोजून् भन्ने चाहन्छिन् ।

कृषि उद्योग दशकौंदेखि निरन्तर संकटमा परेको छ । महाराष्ट्रमा आत्महत्याको दर सबैभन्दा बढी भए पनि यो समस्या देशव्यापी छ। राष्ट्रिय अपराध रेकर्ड ब्युरोको तथ्यांकअनुसार सन् २०२२ मा कृषि क्षेत्रका ३० जनाले हरेक दिन आत्महत्या गरेका थिए । *रासस/एएफपी*


**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**
**दोस्रो पटक प्रकाशित मितिः २०८२/०२/२७**

यस कम्पनीको मिति २०८१/१२/०६ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **टिम सप्लायार्स. प्रा.लि.** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि **टिम ट्रेडिंग प्रा.लि.** (परिवर्तित नाम) कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८१/०१/२२ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **टिम ट्रेडिंग प्रा.लि.** (प्रा.लि.नं.१५८५७८) कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।



**शिलबन्दी दरभाउ प्रक्रियाबाट वन पैदावार बिक्रीको सूचना**
**प्रथम पटक सूचना प्रकाशन मितिः २०८२/०२/२७ गते**

यस सामुदायिक वन उपभोक्ता समूहको स्वीकृत वन व्यवस्थापन कार्ययोजना अनुसार उत्पादन भई आ.व. २०७९/८० मा मौज्दात रहेको आपुर्ती तर्फको काठ वन पैदावार आपुर्ती समिति, बाँकेको को च.नं. १५२ मिति २०८२/०२/२० गतेको काठ दाउरा फिर्ता गरि नियमानुसार लिलाम बढावढ गर्ने सहमती पत्र बमोजिम समूहको घाटगद्दीमा रहेको साल जातको गोलिया थान २६४ को १२६३.५८ क्यू.फिट काठ हाल जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाइ लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक वन पैदावारको लिलाम बिक्री प्रक्रियामा भाग लिनको लागि सार्वजनिक खरिद ऐन र नियमावलीमा व्यवस्था भए बमोजिम मूल्य अभिवृद्धी करमा दर्ता भइ नविकरण भएका र डिभिजन वन कार्यालयमा सुचिकृत भएका काष्ठ व्यवसायी, व्यक्ती, संघसंस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ औं दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिनमा अपरान्ह १२:०० बजे भित्र सिलबन्दि बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । विस्तृत सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको व्यहोरा सम्बन्धित सबैलाई अनुरोध छ ।

**श्री त्रिशक्ती सामुदायिक वन उपभोक्ता समुह**
**राप्ती सोनारी-८, ओभरी, बाके**



**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**
**प्रथम पटक प्रकाशित मितिः २०८२/०२/२७**

**नेपाल समि मार्केटिङ** को मिति २०८२/०१/२८ गते सम्पन्न विशेष/वार्षिक साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **नेपाल समी इन्टरप्राइजेज् (प्रा.लि नं १९२५१०)** कायम गर्ने गरी मिति २०८२/०२/०९ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७४/०२/१९ मा दर्ता भएको **प्रा. लि. नं. १६९१३३/०७३/०७४** को **एभरेष्ट राइनो ट्राभल प्रा. लि.** को मिति २०८२/०२/२६ को विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्वीडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्वीडेटरः श्रवण कुमार श्रेष्ठ, इजाजत पत्र नं. ४०४,**
**ठेगानाः त्रिपुरेश्वर, काठमाडौं, फोन नं. ९८५१२१७००४**



**नेपाल सरकार**
**भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय**
**सडक विभाग**
**हेभी ईक्वीपमेण्ट डिभिजन, मिनभवन, काठमाडौं ।**
**मालसामान खरिद सम्बन्धी सिलबन्दी दरभाउपत्र आह्वानको सूचना**
**(प्रथम पटक प्रकाशित मिति : २०८२/०२/२७ गते)**

यस डिभिजनलाई आबश्यक पर्ने तपसिल बमोजिमका मालसामान सप्लाई गर्न योग्य तथा इच्छुक फर्महरुबाट निम्न बमोजिमको सिलबन्दी दरभाउपत्रहरु आह्वान गरिएको छ । सूचना प्रकाशन भएको मितिले १५औं दिनसम्म कार्यालय समय भित्र दरभाउपत्रदाताले तोकिएका कागजातका साथै दरभाउपत्र खरिद गर्न लाग्ने दस्तुर बुझाई यस डिभिजनबाट दरभाउपत्र फारम प्राप्त गर्न सकिनेछ ।

| सि.नं. | ठेक्का नं. | विवरण | दरभाउपत्र फारम दस्तुर रु | जमानत रकम | कैफियत |
|---|---|---|---|---|---|
| 1 | HEDKTM/SQ/GOODS/13/2081-082 | Procurement of Equipment Goods – One Lot | १०००/- | ४००००/- | विस्तृत विवरण दरभाउ पुस्तिकामा उल्लेख गरिएको छ। |

**नोट : विस्तृत सुचनाका लागी यस कार्यालयको सुचना पाँटी वा यस कार्यालयमा सम्पर्क गर्न सकिने छ ।**

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - १९०६०० | प्रति तोला - ० | प्रति तोला - २१५० |



धान खेती | तनहुँको व्यास नगरपालिका-५ साँगेस्थित हरियाली धानफाँट । साँगे धान खेतीका लागि उपयुक्त रहेको छ ।
*तस्विर : कृष्ण न्यौपाने/ रासस*

## ‘लगानी सहजीकरण र औपचारिक अर्थतन्त्र विस्तारमा उल्लेख्य सुधार’

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले लगानी सहजीकरण र औपचारिक अर्थतन्त्र विस्तारमा नेपालले उल्लेख्य सुधार गरेको बताएका छन् ।

स्वीट्जरल्याण्डको जेनेभामा सोमबार आयोजित ११३ औँ अन्तरराष्ट्रिय श्रम सम्मेलनलाई रोजगारदाताको तर्फबाट सम्बोधन गर्दै अध्यक्ष ढकालले लगानीका लागि भएका कानुनी सुधार र नेपालमा रहेका अवसरका बारे विश्व समुदायलाई जानकारी गराएको उनको सचिवालयले जनाएको छ ।

यसैगरी अर्थतन्त्रको औपचारिकीकरणमा नेपालले गरिरहेको प्रयासको विश्व मञ्चमा प्रशंसा भएकोमा अध्यक्ष ढकालले खुसी व्यक्त गरे । औपचारिक अर्थतन्त्र विस्तारका लागि नवीन सोचसहित काम गरेकोमा अन्तरराष्ट्रिय श्रम सङ्गठन (आइएलओ) ले नेपाल, जिम्बाब्वे, कोट डे भाँ, युरुग्वे र नामिबियाको प्रशंसा गर्दै प्रतिवेदन सार्वजनिक गरेको छ । नेपालको अर्थतन्त्रको औचारिकीकरणका लागि महासङ्घ, ट्रेड युनियन र सरकारले समिति बनाएर काम गरिरहेको समेत अध्यक्ष ढकालले बताए । अध्यक्ष ढकालले प्राइभेट इक्विटी, भेन्चर क्यापिटल र जलवायु वित्तमा अन्तरराष्ट्रिय सहभागिताका लागि आग्रह गरे ।

महासंघको आग्रहमा करिब ३० वटा लगानी सम्बद्ध कानुनमा परिमार्जन गरिएको र द्विपक्षीय लगानी सम्झौताको खाका तयार भएको जानकारी गराए ।



उनले भने, ‘नेपाल अतिकम विकसित मुलुकबाट स्तरोन्नति भइरहेको छ, तर पनि भारत चीनलगायतका मुलुकमा नेपाली उत्पादनको भन्साररहित सुविधा कायमै रहने हुँदा नेपालमा थप अवसर कायमै रहनेछ ।’ उनले नेपालको भौगोलिक अवस्थितिका कारण कृषिजन्य उत्पादन, जलविद्युत्, पर्यटन क्षेत्रमा लगानीको प्रशस्त सम्भावना र अवसर रहेको बताए ।

हरितगृह ग्यास उत्सर्जनमा नेपालको योगदान नभए पनि नेपालका हिमाल पग्लिँदै गएको तथा हिमाल संरक्षणमा नेपालले निर्वाह गरेको भूमिकाको बारेमा विश्व समुदायको ध्यानाकर्षण गराए । उनले पहाडी र टापु राष्ट्रहरूका लागि बजार पहुँच, वित्तीय सहायता र विकास सहयोगमा विशेष समर्थनको आवश्यकतामा जोड दिए ।

सम्मेलनमा विश्वका १८७ मुलुकका सरकार, रोजगारदाता एवं ट्रेड युनियनका प्रतिनिधि सहभागी छन् । नेपालमा रोजगारदाताको संस्थाको रुपमा रहेको महासंघका अध्यक्ष ढकालले नीतिगत सुधारसँगै नेपालको भौगर्भिक विविधता एवं भौगोलिक अवस्थितिले लगानीको पर्याप्त अवसर रहेको जानकारी गराए ।

## गण्डक नहर सिँचाइ आयोजनाको ‘सेटलिङ बेसिन’ सुरु

■ प्रभाव संवाददाता

**काठमाडौं–** ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले पश्चिम नवलपरासीमा रहेको नेपाल गण्डक पश्चिम नहर सिँचाइ आयोजनाको ‘सेटलिङ्ग बेसिन’को उद्घाटन गरेका छन् । नेपाल गण्डक पश्चिम नहर सिँचाइ व्यवस्थापन कार्यालयले आज नवलपरासीको सेमरीमा आयोजना गरेको कार्यक्रममा मन्त्री खड्का र उक्त क्षेत्रका सांसद विनोद चौधरीले उक्त बेसिनको संयुक्त रूपमा उद्घाटन गरेका हुन् ।

कार्यक्रममा मन्त्री खड्काले पश्चिम नवलपरासीका नागरिकले भोगेको डुबान र सिँचाइको समस्या समाधानका लागि आफू प्रतिबद्ध रहेको बताए । ‘यहाँ रहेका ६ वटा नदीहरूमा तटबन्ध गर्नुछ, त्यसका लागि पर्याप्त बजेटको आवश्यकता छ, यसका लागि सरकार गम्भीर छ,’ ऊर्जामन्त्री खड्काले भने ।

मन्त्री खड्काले पश्चिम नवलपरासीमा आफू मन्त्री भएपछि दोस्रोपटक आएको र यहाँका समस्यासँग आफू जानकार रहेको बताए ।

कार्यक्रममा पश्चिम नवलपरासी-१ बाट निर्वाचित प्रतिनिधिसभा सदस्य विनोद चौधरीले अब साबिकभन्दा नहरबाट पाँच गुणा बढी भूमिमा सिँचाइ सुविधा उपलब्ध हुने भएपछि किसान लाभान्वित हुने बताए ।

‘यो नहर पूर्ण सञ्चालनमा आउने व्यवस्था मिलाएपछि नवलपरासीका किसानको मुहारमा भरिएको खुसी देख्न पाउँदा मलाई अत्यन्तै सन्तुष्टि मिलेको छ, ‘यहाँका नागरिकले ३५ वर्ष सिँचाइका लागि जुन सङ्घर्ष गर्नु परेको थियो, तपाईंहरूको पीडासँग जोडिएको त्यो वेदनालाई अब सम्बोधन भएको छ,’ उनले भने ।

सांसद चौधरीले उक्त क्षेत्रको डुबानको समस्या समाधानका लागि सरकारले आवश्यक बजेट विनियोजन गरेर दीर्घकालीन समाधान निकाल्न समेत मन्त्री खड्कालाई आग्रह गरेका थिए ।

नेपाल गण्डक पश्चिमी नहरको सेटलिङ्ग बेसिन रू ३५ करोड लागतको परियोजनामा अढाई वर्षमा सम्पन्न भएको हो । विक्रम संवत् २०३९ मा निर्माण भएको नहरको सिँचाइ क्षमता आठ हजार ७०० हेक्टर क्षेत्रफल भए पनि मुहानमै बालुवा थुप्रिने समस्याका कारण २० प्रतिशत क्षमतामा मात्रै सिँचाइ हुँदै आएको थियो । उक्त सेटलिङ्ग बेसिन निर्माणपछि अब नहरमा बालुवा जान रोकिनाका साथै आठ हजार ७०० हेक्टर जमिनमा सिँचाइ सुविधा पुग्नेछ ।

## नेप्से परिसूचकमा २३ अंकको सुधार

**काठमाडौं (प्रस)–** नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक सोमबार २३ दशमलव १९ अङ्क अर्थात् शून्य दशमलव ८८ प्रतिशतले बढेर दुई हजार ६५३ दशमलव ०९ विन्दुमा कायम भएको छ । आज १९१ कम्पनीको शेयरमूल्य बढ्दा ५६ वटाको घटेको छ । साथै एउटा कम्पनीको शेयर मूल्य स्थिर छ ।

कारोबारमा विभिन्न ३२४ कम्पनीका ७८ हजार ८४८ कित्ता शेयर आठ अर्ब ६८ करोड ९३ लाख ५० हजार ३१९ रुपैयाँ ६२ पैसामा कारोबार भएका छन् ।

साथै मकर जितुमाया सुरी हाइड्रोपावर लिमिटेड, पुरी इनर्जी लिमिटेड, डोल्टी पावर कम्पनी लिमिटेड र विन्दबासिनी हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेडका शेयर मूल्य नौ दशमलव ९९ प्रतिशतले बढेका छन् । साथै भूगोल इनर्जी डेभलपमेन्ट कम्पनी लिमिटेडको शेयर मूल्य सात दशमलव ४७ प्रतिशतले ओरालो लाग्दा मिथिला लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्य पाँच दशमलव २३ प्रतिशतले ओरालो लागेको छ ।

कारोबारपछि बजारपुँजिकरण रु ४४ खर्ब १९ अर्ब २१ करोड ५४ लाख ३४ हजार ४९० पुगेको छ ।

### कर्पोरेट

## सिटिजन्स बैंकद्वारा विश्व वातावरण दिवसमा वृक्षरोपण



**काठमाडौं (प्रस)–** सिटिजन्स बैंकले विश्व वातावरण दिवसको अवसरमा वृक्षारोपण कार्यक्रम सम्पन्न गरेको छ । ‘बिट द प्लाष्टिक ’भन्ने मुल नारालाई आत्मसाथ गर्दै बढ्दो जलवायु परिवर्तनको न्यूनीकरण गर्न अपरिहार्य रुख तथा बोटविरुवा जर्गेना तथा प्रबर्द्धन गर्ने हेतुले बैंकले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत सोमबारको दिन मधेश प्रदेशको धनुषामा बृहत बृक्षारोपण कार्यक्रम सम्पन्न गरेको हो ।

विश्व वातावरण दिवस २०२५ को अवसर पारेर मधेश प्रदेश, जनकपुरधाम उपमहानगरपालिका वडा नम्बर १३, मणी मण्डपमा करिव १०० भन्दा बढि विभिन्न प्रजातिका विरुवा रोपेर बृहत बृक्षारोपण कार्यक्रम सम्पन्न गरिएको छ । संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत बैंकले यस अघि नै देशका बिभिन्न स्थानमा स्वास्थ शिविर सन्चालन, समुदायिक विद्यालय एंव मठ मन्दिरहरुमा सहयोगहरु गरिसकेको छ ।

हालसालै मात्र विश्वकै प्रतिष्ठित अवार्ड ‘बैंक अफ द ईयर २०२४’ को उपाधि प्राप्त गरेको बैंकले देशैभरी ६१ जिल्लामा फैलिएका आफ्ना २०० वटा शाखा, १६८ वटा ए.टि.एम., ३ विस्तारित काउन्टर र ७४ वटा शाखा रहित बैंकिङ्ग ईकाइहरुबाट १९ लाख भन्दा बढी ग्राहकवर्गलाई आधुनिक बैंकिङ्ग सेवाहरु प्रदान गर्दै आएको छ ।

## संस्कृति स्कुलको वृक्षरोपण



**काठमाडौं (प्रस)–** विश्व वातावरण दिवसको उपलक्ष्यमा संस्कृति अन्तर्राष्ट्रिय विद्यालयले जेन गुडल संस्थान नेपालसँगको सहकार्यमा आइतबार मा शंखमूलको संयुक्त राष्ट्र पार्क नजिकै वृक्षारोपण कार्यक्रमको आयोजना गरेको थियो ।

प्राथमिक विद्यालयका उत्साही विद्यार्थीहरूदेखि माध्यमिक कक्षाका विद्यार्थीहरू, र सहयोगी अभिभावकहरू देखि कर्मचारी सदस्यहरू सम्म, यस पहलले काठमाडौंमा हरियाली बढाउने प्रतिबद्धताका साथ सम्पूर्ण विद्यालय समुदायलाई एकजुट पारेको थियो । जेन गुडल संस्थान नेपालका वन निर्माता तथा ’द रिभोलुसन प्रोजेक्ट’का सह-संस्थापक आयुष देव पन्तले भने, ‘यो नयाँ रूख रोप्ने कार्य मात्र होइन, पुराना रूखहरू जोगाउने पहल हो। काठमाडौंका रूखहरू हराउँदै गएका छन् र हामी एक-एक रूख प्रायोजन गरी यस प्रयासबाट तिनलाई फिर्ता ल्याउने कोशिश गर्दैछौं ।’

संस्कृति अन्तर्राष्ट्रिय विद्यालयले मिलेर संयुक्त राष्ट्र पार्कमा उन्नाइस विभिन्न स्वदेशी प्रजातिका १२३ वटा रूखहरू रोपिएको थियो ।

## कजारियाद्वारा नेपालमा एचडी पोलिस्ड टायल सार्वजनिक

**काठमाडौं (प्रस)–** नेपाली बजारमा गुणस्तर र नवप्रवर्तनका लागि विश्वासिलो भारतको नं. १ टायल कम्पनी कजारियाले आफ्नो सबैभन्दा प्रिमियम उत्पादन एच.डि पोलिस्ड टायल सार्वजनिक गरेको छ । नेपालमा पहिलोपटक केवल कजारियामा मात्र उपलब्ध यो विशेष टायलले सौन्दर्य, मजबुती र अत्याधुनिक प्रविधिलाई एकसाथ जोड्दै देशमा लक्जरी फ्लोरिङको नयाँ पहिचान बनाएको छ ।




विश्वस्तरीय मापदण्ड अनुसार नवीनतम प्रविधिद्वारा निर्मित, एच.डि पोलिस्ड टायल विशेषगरी भित्री सतहका लागि डिजाइन गरिएको हो। ऐना जस्तै चम्किलो, उच्च गुणस्तरीय प्रिन्ट, र सुपर-स्मूथ फिनिश रहेको यस टायलले जुनसुकै ठाउँलाई अझ आकर्षक र भव्य बनाउँछ । अत्यन्त टिकाउ, घिसावट प्रतिरोधी, न्यून पानी सोस्ने क्षमता भएको यो टाइल ५ तारे होटल, लक्जरी मल, उच्चस्तरीय शोरूम तथा अन्य प्रिमियम इनडोर स्पेसहरूको लागि उत्कृष्ट रोजाइ रहेको कम्पनीको दाबी छ ।

## वीरगञ्जमा पेट्रोलियम र सवारीसाधनबाटै राजस्व




**वीरगञ्ज (प्रस)–** वीरगञ्ज भन्सार कार्यालयले चालु आवको १० महिनाको अवधिमा सबैभन्दा धेरै राजस्व पेट्रोलियम पदार्थको आयातबाट रु ६४ अर्ब ५० करोड राजस्व सङ्कलन गरेको छ ।

कार्यालयले चालु आवको १० महिनामा पाँच थरिका पेट्रोलियम पदार्थ आयात गर्नका लागि रु एक खर्ब ५५ अर्ब ९४ करोड रकम खर्चिएको छ । आयातबाट प्राप्त कूल राजस्वमा मुख्य २० वस्तुबाट प्राप्त राजस्वको योगदानमा पेट्रोलियम पदार्थको हिस्सा भने ४६ दशमलव २६ प्रतिशत रहेको छ । वीरगञ्ज भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक दीपक लामिछाने यहाँको भन्सारको मुख्य राजस्वको स्रोत नै पेट्रोलियम पदार्थको आयात र सवारीसाधनको आयातमा निर्भर रहेको बताए ।

त्यस्तै दोस्रो धेरै राजस्व भने यातायात साधन र तिनका पार्टपूजा आयातबाट रु १५ अर्ब २४ करोड रकम प्राप्त गरेको छ । त्यस्तै आयातबाट प्राप्त राजस्वमा यातायातको साधन र पार्टपूर्जाको हिस्सा भने १० दशमलव ९३ प्रतिशत रहेको छ ।

त्यस्तै फलाम तथा फलामबाट बनेका सामानबाट भने पाँच अर्ब २५ करोड राजस्व सङ्कलन गरेको छ । मेसिनरी तथा पार्टपूर्जा आयातबाट भने चार अर्ब ५५ करोड राजस्व सङ्कलन गरेको छ । त्यस्तै इलेक्ट्रिक मेसिनरी,उपकरण र तिनका पार्टपूर्जा आयातबाट तीन अर्ब ३७ करोड राजस्व सङ्कलन गरेको छ । चालु आवकै १० महिनामा सबै प्रकारका कपडा आयातबाट भने दुई अर्ब ८७ करोड राजस्व सङ्कलन गरेको छ । त्यस्तै सुर्ती र सुर्तीजन्य पदार्थको आयातबाट भने दुई अर्ब २३ करोड राजस्व सङ्कलन गरेको छ । शृङ्गारका सामान आयातबाट भने दुई अर्ब २२ करोड राजस्व सङ्कलन गरेको छ ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ